Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

वर्ष-१४ , अंक- २८, २०७८ साल माघ २५ गते मंगलबार (Feb 8, 2022) www.janaakash.com.np मूल्य रु १०।-

# एससीसीको एजेण्डाले गठबन्धन धरापमा पर्ने संकेत

*मोहन कार्की ।*

काठमाडौ । नेपालका राजनीतिक पार्टीहरुले स्थायी रुपमा सरकार ३ बर्ष पनि पार नगरेको, नचलाएको झण्डै ६ दशक भइसकेको छ,। त्यस्तै अहिलेको सरकारलाई पनि एमसिसिको मुद्दाका कारण सरकार घाडो बन्दै गईरहेको देखिन्छ ।

उत्ता अमेरिकाको अमेरिकन च्यालेन्ज कर्पोरेशनले एमसिसि पास गर्न यहि फेव्रोअरी २४ तारिकसम्म सयमसिमा दिएको छ । त्यही समयमा यता गठबन्धनको एउटा घटक नेकपा( माओवादी) केन्द्रले वर्तमान अवस्थाको वुदामा एमसिसि पास गर्न नसकिने धारणा बाहिर ल्याएको छ । जसले गर्दा वर्तमान नेपाली काँग्रेसको नेतृत्वमा बनेको देउवा सरकार धरापमा पर्ने संकेत गरेको छ ।

बिशेष गरेर केन्द्रीय पदाधिकारी भन्दा पनि स्थानीय तहमा रहेका माओवादी केन्द्रका कार्यकर्ताहरुको एमसिसि सम्झौता प्रति चौतर्फी विरोध गरेको कारण माओवादीले यस्तो धारणा सार्वजानिक गर्न बाध्य भएको माओवादी केन्द्रका उच्च स्रोतको दावी रहेको छ ।

यता एमाले पार्टी फोडेर बहुमत पुऱ्याएको नेपाली काँग्रेसलाई माधव कुमार नेपाल समुहवाट बनेको नेकपा( समाजवादी) को धारणा पनि एमसिसि सम्झौताको बिषयमा माओवादीकै समान धारणा आएपछि गठबन्धन धरमराउन थालेको हो ।




यता हिउदे अधिवेशन चलिरहेको समयमा निरन्तर नेकपा(एमाले) को अवरोधका कारण सदन शुचारु हुन सकेको छैन ।

एमालेको पनि एमसिसिको बिषयमा द्धवद्र चरित्र पदर्शन

नेकपा(एमाले) पार्टीलाई जनताले जसरी विश्वास गरेका थिए । राष्टूको सवालमा अडिक रहेर काम गर्छ भन्ने भान परेको थियो । तर पछिल्लो समय एमालेले सरकारमा जान खुट्टा उचालेर बसेको र एमसिसि पास गर्न सही ठोक्ने रणनीतिमा एमालेको दाउ रहेको जस्तो भान हुने गरी एमालेका नेताहरुवाट अभिव्याक्ति आउनुले एमालेको एमसिसि सझौता सम्बन्धि द्धायद्र चरित्र पदर्शन भएको हो । एमाले र नेपाली काँग्रेसस मिलेर सरकार बनाउने र नपुगेको सिट मधेशवादी बिकाउका सिटहरु किनेर एमसिसि पास गर्ने दाउँमा अहिलेको सरकार र एमालेको नयाँ योजना बन्दै गएको देखिन्छ । यसो भएको हो भने नेपाल अव बिदेशीहरुको युद्धभुमिमा फस्ने अनुमान सहजै लगाउन सकिन्छ ।

नेपालमा लामो लकडाउन लगाउनको कारण त यतिवेला खुल्दै छ । एमसिसि पास गराउन (एमाले)ले विगतमा सरकारमा हुदा धैरै लकडाउन र निषेधज्ञा लगायको थियो । अहिले त्यो परमाणित हुदै गएको छ । एमाले पार्टीले बाहिर जति नै राष्ट्रियताको ढवाङ फुकेपनि भित्री रुपमा बिदेशीलाई रिझाउन एमसिसि पास गर्ने खालको रणनीति बनाउनुले उसको पनि मुखुण्डो उघ्रीएको छ । बाँकी ६ पृष्ठमा

## एमसीसी विरुद्ध १८ दलद्वारा आन्दोलनको घोषणा

काठमाडौं । एमसीसी सम्झौताविरुद्ध संसद बाहिर रहेका १८ राजनीतिक दलहरुले माघ २६ गते काठमाडौंमा व्यापक जनसहभागितामा विरोध प्रदर्शन गर्ने भएका छन् । आज (सोमबार) रिपोर्टर्स क्लब नेपालमा संयुक्त पत्रकार सम्मेलन गर्दै संसद बाहिर रहेका १८ राजनीतिक दल, विभिन्न संघसंस्था र अभियानहरुको मोर्चा संयुक्त जनआन्दोलनले एमसिसी बिरोधमा आन्दोलनका कार्यक्रम घोषणा गरेको हो ।

संयुक्त जनआन्दोलनको माघ २६ गते दिउँसो १२:३० बजे कोटेश्वर तीनकुनेको पश्चिम कुनामा भेला भई बानेश्वरतर्फ विरोध ऱ्यालीको रुपमा गई विरोधसभा गर्ने कार्यक्रम रहेको छ । जनआन्दोलने ठूलो संख्यामा विरोध-प्रदर्शन र जनसभामा सहभागी भई राष्ट्रघाती एमसीसी-सम्झौतालाई अस्वीकार गर्न सरकारमाथि सशक्त दवाव दिन देशभक्त नेपालीहरु र विशेष गरी उपत्यकामा रहेका नागरिकहरुलाई अपील गरेको छ ।

कार्यक्रममा बोल्दै नेकपा मालेका महासचिव सिपी मैनालीले एमसीसी खारेज गर्नका लागि माघ २६ गते विरोध कार्यक्रम राखिएको बताए । उनले देश बचाउन र देशको सार्वभौमसत्ताको लागि सबै जनता उठ्न पर्ने बताए । नेपाल सरकार र एमसीसीबीच भएको पहिलो पटक (२०७४ साल भाद्र)मा हस्ताक्षर हुँदा सुरुमै संसदबाट अनुमोदन गर्ने नलेखिएको बताएका छन् । 'नेपाल सरकार र एमसीसीबीच भएको पहिलो पटक २०७४ साल भाद्रमा हस्ताक्षर हुँदा सुरुमै संसदबाट अनुमोदन गर्ने लेखिएको थिएन ।' उनले भने,'त्यसलाई १ वर्षपछि संसदबाट अनुमोदन गर्ने एमसीसी हेडक्वाटरबाट नेपालमा लिखत आयो यहाँका शिर्ष नेता, कर्मचारीहरुले विगतको नजिर पनि हेर्दै नहेरी पास गर्न अगाडी बढेका छन् । विगतका नजिर नहेरी यस्ता सम्झौता-सन्धीहरु नेपाल सरकारले पारित गरेको इतिहास छैन ।'

मैनालीले संविधानको प्रावधान नहेरी गर्न नपर्ने कुरालाई पनि थुपारेर, अनुमोदन पछिको दुश्प्रभावको बारेमा केही नसोचि संसदबाट अनुमोदन गर्न सरकार जुटेको आरोप लगाए । संसदले उक्त सम्झौता अनुमोदन गरेपछि खुद कानुन बन्ने उनको भनाई थियो । एमसीसी सम्झौतामा उल्लेख भएका कुरा कानुन सरह हुने पनि मैनालीले दाबी गरे । एमसीसी बाँकी ६ पृष्ठमा

## सरकारद्वारा स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते गर्ने निर्णय

काठमाडौं । सरकारले स्थानीय तहको निर्वाचन ३० वैशाख २०७९ मा गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले स्थानीय निर्वाचनको मिति तय गरेको एक मन्त्रीले जानकारी दिए ।

निर्वाचन आयोगले एकै चरणमा गर्ने भए १४ वैशाख र दुई चरणमा गर्ने भए १४ र २२ वैशाखको मिति सिफारिस गरेको थियो । तर सत्तारुढ पाँच दलीय गठबन्धनले जेठ मसान्तभित्र निर्वाचन गर्ने बताएपछि आयोगले ४ जेठ प्रस्ताव गऱ्यो ।

स्थानीय तह निर्वाचन ऐनअनुसार हाल कायम रहेका स्थानीय जनप्रतिनिधिको कार्यकाल ५ जेठ २०७९ मा सकिने छ । साथै संविधानले स्थानीय तह जनप्रतिनिधिविहीन हुने कल्पना गरेको छैन ।

४ जेठमा चुनाव गर्दा केही दिन स्थानीय तह जनप्रतिनिधिविहीन हुने अवस्था आएपछि सरकारले नयाँ मिति प्रस्ताव गरेको हो । सोमबार सरकारले निर्वाचन आयोगका पदाधिकारीहरुसँग नयाँ मितिबारे परामर्श गरेको थियो ।

यता निर्वाचन आयोगले आसन्न स्थानीय तहको निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक प्रक्रिया



अघि बढाएको छ । आयोगले निर्वाचनका लागि आवश्यक पर्ने भवन, परिवहनका साधन, फर्निचर वा अन्य भौतिक साधन लगायत व्यवस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गरी स्थानीय तहसँग विवरण मागेको हो ।


आयोगले सोमबार विज्ञप्ति जारी गर्दै आसन्न स्थानीय तह तथा जिल्ला समन्वय समितिको निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि ७५३ वटै स्थानीय तहले माघ मसान्तभित्र आवश्यक विवरण आयोगमा पठाउन भनेको हो ।

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि कार्यालय सञ्चालनका लागि सम्बन्धित स्थानीय तहबाटै कम्तीमा एक/एक थान चालु बाँकी ६ पृष्ठमा

## विभिन्न अस्पतालमा अनलाइनबाट अपोइन्टमेन्ट लिन सकिने सेवाको सुरुवात

ललितपुर । नेपालमा अनलाईन मार्फत अपोइन्टमेन्ट सेवा दिँदै आइरहेको कोजेन्ट हेल्थले विभिन्न अस्पतालहरूमा अनलाइन अपोइन्टमेन्ट सेवाको सुरूवात गरेको छ ।

कोजेन्ट हेल्थले नेपालको अग्रणी भुक्तानी सेवाप्रदायक इसेवासँगको सहकार्यमा एभरेष्ट हस्पिटल नयाँबानेश्वर, इशान बाल तथा महिला अस्पताल बसुन्धरा काठ्माडौं, मेडिप्लस हस्पिटल तथा ट्रमा सेन्टर पोखरा तथा राप्ति लाइफ केयर हस्पिटल तुल्सिपुरमा अनलाइनबाट अपोइन्टमेन्ट लिन सकिने सेवाको सुरूवात गरेको हो । यी सबै अस्पतालहरु ई-अपोइन्टमेन्ट प्लेटफर्ममा आबद्ध भएसँगै अनलाइन अपोइन्टमेन्ट सेवा लिन सकिनेछ । योसँगै अबदेखि यी अस्पतालहरुमा उपचार गर्न तथा डाक्टरसँगको परामर्शका लागि इसेवाको मोबाईल एप्लिकेशन मार्फत अनलाइन बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

### राजनीतिमा उमेर हद र योग्यताको सीमा तोकौ

नेपालमा राजनीतिक पार्टीको नेतृत्व गर्ने व्यक्तिहरु नै संसद, प्रदेश सभासद, स्थनीय सरकारको प्रतिनिधि हुन पुग्छन् र देशको नियम, कानुन बनाउने महत्वपूर्ण निकायमा यिनै राजनीतिक व्यक्तिहरु हुन्छन् । उनीहरुले जस्तो खालको कानुन बनायो त्यस्तै खालको व्यवस्था बन्ने गरेको विगतको अनुभवले पनि त्यही देखाउँछ ।

त्यो मात्र कहाँ हो र अन्तराष्ट्रियस्तरमा सहभागिता जनाउन पनि राजनीतिक पार्टीको प्रतिनिधित्व वा पार्टीबाट निर्वाचित भएका र सरकारमा नेतृत्व गरिरहेका व्यक्तिहरु नै सहभागि हुने गर्दछन् । यस्ता ठाउँमा कुटनैतिक डेप्लोमेसी पनि अत्तिनै आवश्यक हुने गर्दछ ।

यस्ता महत्वपूर्ण निकायमा समेत राजनीतिक पार्टीका व्यक्तिहरु रहनुपर्ने वाध्यतालाई ध्यानमा राखेर नेपालमा राजनीतिक पार्टीहरुको नेतृत्वमा उमेर हद र शैक्षिक योग्यताको सीमा तोकिनु पर्ने देखिन्छ । यसो गर्न सकियो भने नेपालका नेपालीहरुले चाहेको पुस्तान्तरण क्रमभङ्ग पनि हुने र वृद्ध भइसकेका नेतृत्वहरुलाई वृद्धा अवस्थामा पनि सकी नसकी देशको वारेका सोच्नुपर्ने बाध्यता हट्ने थियो ।

एउटा सामान्य कर्मचारी खरदारको जागिर खानालाई त कम्तीमा वोर्ड एक्जाम दिएको योग्यता पुगेको हुनुपर्छ त्यो पनि फ्री कम्पिडिशनवाट आउनुपर्छ भने देशको कानुन, व्यवस्था नै बनाउने क्षेत्रमा र राज्य सञ्चालन गर्ने महत्वपूर्ण निकायमा कुनै शैक्षिक योग्यता नराख्दा राजनीति नै विकृत हुदै गएको छ । अराजनीतिक बढेको छ ।

कम्तिमा पनि राजनीतिक पार्टीको सदस्य हुनको लागि एसईई र महत्वपूर्ण पदमा पुग्नको लागि वोर्ड एक्जाम दिएको अर्थात प्लस टु पास गरेको हुनुपर्ने अनिवार्य सीमा तोकिनु पर्ने देखिन्छ ।

उमेर हदको सवालमा ६० बर्षभन्दा माथिका कुनैपनि नेपालीहरुले देशको प्रमुख कार्यकारी नेतृत्व गर्न नपाउने व्यवस्था लागु गर्नपर्छ । यस्ता महत्वपूर्ण कामहरु नेपालले गर्न सकेको खण्डमा नेपालको शासकीय स्वरुपमा समेत परिवर्तन आउन सक्ने देखिन्छ । यी कामहरु राजनीतिक पार्टीहरुले इमानदारिता देखाएको खण्डमा मात्र सम्भव छ ।

# राजनीति र जनविश्वास आर्जनका कुरा

**श्यामप्रसाद मैनाली**

प्रारम्भ

राजनीतिले जनताको विस्वास आर्जन गर्दा मात्र दिगोपना प्राप्त गर्छ । मतदाताहरू सन्तुष्ट रहँदा सरकारी नीति तथा कार्यक्रमले जनताको अनुमोदन र मान्यता प्राप्त गर्ने अवस्था बन्छ । राजनीतिक मूल्य र मान्यतालाई लोकतान्त्रिक दलहरूले पूर्णरूपमा मान्नुपर्छ भनिन्छ । तर, निरपेक्ष रूपमा लोकतान्त्रिक र दलीय मूल्यमान्यता अवलम्बन भएको अवस्था हुन सक्छ वा सक्दैन ? बहसको विषय बनेको छ । यद्यपि, इमानदारितापूर्वक मूल्यमान्यताप्रति समर्पित हुँदै निरन्तर प्रयास गर्दै जाँदा यसको निकट पुग्न सकिन्छ । कतिपय प्राकृतिक सन्दर्भहरू, संस्कृति रहनसहन सामाजिक परम्पराले समाजमा लामो समयदेखि पकड जमाएर बसेका हुन्छन् । यी विषयलाई राजनीतिले चाहँदा सहजै परिवर्तन गर्न सकिने हुँदैन । उदाहरणका लागि कट्टर हिन्दू धर्मावम्बीले राजालाई विष्णुको अवतारका रूपमा ग्रहण गर्छन् र गणतन्त्रप्रति समर्पित गराउन धेरै कठिन हुन्छ । साम्यवादी शासन व्यवस्थामा धार्मिक प्रवृत्तिका मानिसलाई आत्मसात् गराउन उत्तिकै असहज हुन्छ । राजनीतिले समाजमा व्याप्त परम्परा, संस्कृति, रहनसहन, प्राकृतिक व सत्य पक्षहरूलाई स्वीकार गरी यसैका आधारमा आफ्ना आस्था, सिद्धान्त र विश्वासलाई जनताबीच प्रस्तुत गर्दै प्रगति उन्मुख हुनेगरी रणनीति तय गरिनुपर्छ । देशको भौगोलिक अवस्था, वातावरणीय पक्ष, समाजले अवलम्बन गर्दै आएको धर्म, देशको आर्थिक अवस्था, अन्तर्राष्ट्रिय परिस्थिति सबैलाई मध्यनजर गर्दै आफ्ना आदर्श र सिद्धान्तप्रति निष्ठावान् रही गरिएको राजनीतिले अन्ततोगत्वा सफलता प्राप्त गर्छ । यही परिवेशमा नेपालको राजनीति कसरी अघि बढिराखेको छ ? सोको संक्षेपमा विश्लेषण गर्ने प्रयास यस सानो आलेखमा गरिएको छ ।

नेपालको राजनीति बहुदलीय प्रणालीको कार्यन्वयन हुँदै गर्दा अत्यन्त आलोचित बन्दै गएको छ । पहिला विभिन्न दलहरूले जनतासामु राखेका दलीय सिद्धान्त र आदर्श'दयगत सबै दल कुन हदसम्म इमानदार देखिएका छन् ? छलफल गरौं । विशेषगरी नेपालमा तीन प्रकारका दल रहेका छन् । लामो समयदेखि लोकतन्त्रको बहाली र पुनर्वहालीका लागि अनवरत संघर्ष गर्दै आएको नेपाली कांग्रेसले लोकतान्त्रिक दलका रूपमा नेपाली जनतासमक्ष पहिचान बनाउन सफल छ । यो दललाई नेपाली जनताले अन्य दलभन्दा धेरै सम्मान र समर्थन गरेका छन् । तर, यही दलले सरकारको नेतृत्व गरेका समयमा अन्तरदलीय द्वन्द्वले चरम सीमा नाघ्यो । आफ्नै नेताविरुद्ध अन्तरघातका दृश्य सघन रूपमा देखिन पुगे । सांसद किनबेच र पटकपटक संसद् विघटन गर्ने गलत अभ्यासले निरन्तरता प्राप्त गर्दै गयो । जननायक स्व. बीपी कोइरालाको सिद्धान्तविपरीत साम्यवादीसँग गठबन्धन गर्दै जाँदा नेपालीहरूलाई यस दलको पहिचान स्वीकार गर्न कठिन बन्दै गयो । आफ्ना नेता तथा कार्यकर्ताहरूको अकारण हत्या गर्दै राजनीतिमा आफ्नो अस्तित्व कायम गर्न सफल माओवादीसँग चुनावी गठबन्धन गर्दै सरकारमा पटकपटक सहभागी भयो । आफन्तहरूको हत्या गर्ने पात्रहरूको पक्षमा उनीहरूकै कार्यकर्ता बन्न केन्द्रीय नेतृत्वले बाध्य पार्दै गर्दा यस दलका इमानदार कार्यकर्ताहरूको मनोबल आफ्नै दलका कारण अत्यन्त गिर्दै गयो । मनोबल गिरेका कार्यकर्ताहरूबाट निर्वाचनमा विजयी हुने सोचका साथ नेका अघि बढिराखेको छ ।

**नेपालको राजनीति बहुदलीय प्रणालीको कार्यन्वयन हुँदै गर्दा अत्यन्त आलोचित बन्दै गएको छ । पहिला विभिन्न दलहरुले जनतासामु राखेका दलीय सिद्धान्त र आदर्शहृदयगत सबै दल कुन हदसम्म इमानदार देखिएका छन् ? छलफल गरौं । विशेषगरी नेपालमा तीन प्रकारका दल रहेका छन् । लामो समयदेखि लोकतन्त्रको बहाली र पुनर्वहालीका लागि अनवरत संघर्ष गर्दै आएको नेपाली कांग्रेसले लोकतान्त्रिक दलका रूपमा नेपाली जनतासमक्ष पहिचान बनाउन सफल छ । यो दललाई नेपाली जनताले अन्य दलभन्दा धेरै सम्मान र समर्थन गरेका छन् । तर, यही दलले सरकारको नेतृत्व गरेका समयमा अन्तरदलीय द्वन्द्वले चरम सीमा नाघ्यो । आ□नै नेताविरुद्ध अन्तरघातका दृश्य सघन रूपमा देखिन पुगे । सांसद किनबेच र पटकपटक संसद् विघटन गर्ने गलत अभ्यासले निरन्तरता प्राप्त गर्दै गयो । जननायक स्व. बीपी कोइरालाको सिद्धान्तविपरीत साम्यवादीसँग गठबन्धन गर्दै जाँदा नेपालीहरुलाई यस दलको पहिचान स्वीकार गर्न कठिन बन्दै गयो । आ□ना नेता तथा कार्यकर्ताहरूको अकारण हत्या गर्दै राजनीतिमा आ□नो अस्तित्व कायम गर्न सफल माओवादीसँग चुनावी गठबन्धन गर्दै सरकारमा पटकपटक सहभागी भयो । आफन्तहरूको हत्या गर्ने पात्रहरूको पक्षमा उनीहरूकै कार्यकर्ता बन्न केन्ीय नेतृत्वले बाध्य पार्दै गर्दा यस दलका इमानदार कार्यकर्ताहरूको मनोबल आ□नै दलका कारण अत्यन्त गिर्दै गयो । मनोबल गिरेका कार्यकर्ताहरूबाट निर्वाचनमा विजयी हुने सोचका साथ नेका अघि बढिराखेको छ । साम्यवादी घटकमा पुरानो दल माले हाल एमाले बनेको छ । नेपालका सबै कम्युनिस्ट दलहरू आफ्ना ब्रान्डप्रति समर्थित मतदाताहरूको समर्थन यथावत् राख्न मात्र तल्लीन छन्, अन्यथा नेपालका कम्युनिस्टहरूमा थोरै पनि कम्युनिस्ट शैली र सिद्धान्तलाई आत्मसात् गरेको देखिँदैन । झापा काण्डबाट प्रारम्भ भएको माले अहिले एमालेका रूपमा संसद् सबैभन्दा ठूलो दल बन्न सफल छ । आदर्श, सिद्धान्त र एजेन्डालाई तिलाञ्जली दिँदै कम्युनिस्टहरूको एकल उद्देश्य सरकारमा पुग्ने, स्रोत संग्रह गर्ने, आफ्नो समूह उपसमूहको संरक्षण गर्ने मात्र भएको छ ।**

सांसद किनबेच र पटकपटक संसद् विघटन गर्ने गलत अभ्यासले राजनीतिप्रति जनताको विश्वास गुम्दै गयो

साम्यवादी घटकमा पुरानो दल माले हाल एमाले बनेको छ । नेपालका सबै कम्युनिस्ट दलहरू आफ्ना ब्रान्डप्रति समर्थित मतदाताहरूको समर्थन यथावत् राख्न मात्र तल्लीन छन्, अन्यथा नेपालका कम्युनिस्टहरूमा थोरै पनि कम्युनिस्ट शैली र सिद्धान्तलाई आत्मसात् गरेको देखिँदैन । झापा काण्डबाट प्रारम्भ भएको माले अहिले एमालेका रूपमा संसद्मा सबैभन्दा ठूलो दल बन्न सफल छ । आदर्श, सिद्धान्त र एजेन्डालाई तिलाञ्जली दिँदै कम्युनिस्टहरूको एकल उद्देश्य सरकारमा पुग्ने, स्रोत संग्रह गर्ने, आफ्नो समूह उपसमूहको संरक्षण गर्ने मात्र भएको छ । १७ हजार नेपालीहरूको हत्यामा नेतृत्वदायी भूमिकामा रहनेहरू पटकपटक सरकार प्रमुख बनिसकेका छन् । पथभ्रष्ट भएकै कारण कम्युनिस्ट दलहरू पटकपटक विभाजित हुँदै आएका छन् । यो विभाजन कुनै सिद्धान्तमा आधारित कहिले पनि भएको देखिएन । एउटा समूह राष्ट्रिय ढुकुटीमा हलिमुहाली गर्दा अर्को समूह उपेक्षित हुनु नै नेपालका साम्यवादीहरूमा फुट आउनुको मुख्य कारण हो । निहत्था व्यक्तिको हत्या गरेर राजनीति गर्दै आएका दलहरूले सो हत्याको पुष्टि सरकारमा रहँदा गर्न सकेका छैनन् ।

क्षेत्रीय एजेन्डा बोकेर राजनीति गर्दै आएका मधेसवादी दलहरू एक मधेस एक प्रदेश र स्वतन्त्र तराईको एजेन्डा देखाएर राजनीति गर्दै छन् । सरकारमा रहँदा उनीहरूको एजेन्डा पनि प्रायः छायामा पर्छ । सरकारबाट बाहिरिनु पर्दाको पीडाको परिणाम स्वरूप पुनः यो एजेन्डा बेलाबखत सडकमा देखा पर्छ । मधेसी जनताबीच यी दलहरूले आफ्नो विश्वसनियता गुमाउँदै गएका छन् । स्वार्थ लोलुप झुन्डको व्यक्तिगत अभिष्ठबाट यी दलहरूको राजनीति परिचालित छ । मधेसवादी नेताहरूले मधेसीहरूप्रति विश्वासघात गरिराखेको अभिव्यक्ति मधेसीहरूबाटै अभिव्यक्त भइराखेको छ । मधेसवादीका नाममा लामो समयदेखि विभिन्न समूह अस्तित्वमा आउँदै गर्दा यी दलहरूको दृढता र प्रतिवद्धता मधेसी जनताप्रति हो वा होइन ? सन्देह गरिँदै छ । यद्यपी, यो क्षेत्रीय दल हो ।

युवाहरूले प्रारम्भदेखि नै आफ्नो सच्चरित्रता र इमानदारितामा कुनै प्रश्न चिह्न खडा हुन दिनुहुँदैन

यस प्रकार यी तीनवटै दलहरूबाट नेपाली जनता शासित भइराखेका छन् । शासकीय शैली विचित्रको छ । अत्यन्त सुन्दर र आकर्षक नारा दिँदै जनतालाई अलमलमा पारिँदै छ । यी नाराहरू, एजेन्डाहरू कहिले पनि सफलतापूर्वक कार्यन्वयन हुन सक्ने प्रकारका थिएनन्, छैनन् । यिनीहरूले निर्वाचनका बेलामा गरेका प्रतिज्ञा कहिले पनि यथार्थतामा परिणत भएनन् । दोस्रो हो, सत्तामा जसरी पनि पुग्नुपर्ने गलत धारणाबाट शासक अघि बढे । निरपेक्ष शक्ति आफैंमा केन्द्रित गरी स्वेच्छाचारी निर्णय र नीतिहरू निर्माण गर्दै गए । यसबाट भविष्यमा देखिने परिणाम'दयगतमा थोरै पनि चिन्ता शासकहरूमा महसुस गर्न सकिएन । यी दुवै तरिकाहरूबाट सरकारमा रहनेहरू अभ्यस्त हुँदैगर्दा नेपालका राजनीतिक दलहरूको स्वीकार्यता जन स्तरमा हुन सकेको छैन । एकपटक नेपालको राजनीति' दयगतमा पछि फर्किएर हेरौं । स्व. बीपी कोइरालाले प्रजातान्त्रिक समाजवादको एजेन्डालाई महत्व दिँदै गर्दा अहिलेका उनकै चेलाहरूले यसलाई प्रभावकारी रूपमा अघि बढाउन सकेनन् । समाजवादी चरित्र निर्माण पनि गर्न सकेनन् । कम्युनिस्टका संस्थापक नेता स्व. पुष्पलालले चीनबाट आयातीत नारा नयाँ जनवादलाई अघि सारेका थिए तर त्यसपछिका साम्यवादीहरूले यसलाई आत्मसात् गरेनन् । स्व. मदन भण्डारीले जनताको बहुदलीय जनवादका आधारमा आफ्नो दललाई अघि बढाउने नारा दिए, दलबाट स्वीकृति पनि भयो । तर, उनकै समकालीन कमरेडहरूले यसलाई वैज्ञानिक समाजवादको पुनरावृत्तिबाहेक अन्य केही नभएको आलोचना गरे । प्रचण्डजीले २१औं शताब्दीको लोकतन्त्रको अवधारणा अघि सारे तर यो पनि माओ त्से तुंगले सात दशक अगाडि राखेको अवधारणाभन्दा पृथक केही देखिएन । सान्दर्भिकता नरहेको निष्कर्ष कमरेडहरूबाटै आइराखेका छन् । यसरी विभिन्न दलका नेताहरूले विभिन्न कालखण्डमा प्रतिपादन गरेका नारा किन आंशिक रूपमा पनि कार्यान्वयन हुन सकेनन् ? यसको उत्तर खोजी गर्दा दुईवटा निष्कर्षमा पुग्न सकिन्छ । उनीहरूले राष्ट्रनिर्माणका लागि तयार पारेका दस्तावेज आफैंमा पूर्ण थिएनन् । धेरै प्रकारका कमिकमजोरी थिए । दोस्रो हो, यसलाई पूर्ण प्रतिबद्धताका साथ् कार्यन्वयनमा लैजानेहरू आफैं भ्रष्ट चरित्रका देखिए । यो स्वाभाविकै हो कि यदि कुनै पनि नीति, नारा अव्यावहारिक छन् भने ती कार्यन्वयन हुन् सक्दैनन् । साथै कसैले प्राप्त गर्ने नसकिने इच्छा राख्छ भने त्यो कसरी साकार होला ? नेताहरूले देशको विकास पर्याप्त गर्दै नेपाललाई यस धर्तीको स्वर्ग बनाउने, सबै प्रकारका समृद्धि हासिल गर्ने, नेपालीहरूको मुहारमा सुख सन्तोष प्रदान गर्ने कल्पनारूपी अभिव्यक्ति दिँदै गर्दा जनताको अवस्था अझै दयनीय हुँदै गएको छ । देशमा न्याय मर्दै गएको छ । भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरिसकेको छ । अल्प अवधिमा नवधनाढ्य देखिँदै छन् । यसबाट देशको राजनीति र यसका पात्र तथा शासकहरूले जनताको विश्वास आर्जन गर्न सक्ने अवस्थाको कल्पना गर्न सकिने स्थिति रहेन ।

उपसंहार

राजनीति गर्नेहरूको काल्पनिक सपनाको आधारलाई नेपालीहरूले क्षमा गर्न सक्लान् । यसका लागि उनीहरूमा अबका दिनमा सुधार आउनुपर्छ । तर, उनीहरूका व्यक्तिगत र झुन्डगत अभिष्टका आधारमा कार्यान्वयनमा रही गरिएका कुशासनलाई समझदारी गर्दै अघि बढ्न सकिँदैन । वर्तमान अवस्थाले निरन्तरता प्राप्त गर्दै जाँदा ठूलो अनिष्टको सामना देशले गर्नुपर्नेछ । यी शासक आफूले खनेको खाल्डोमा आफैं पुरिनेछन् । यसका लागि विभिन्न दलहरूका युवा कार्यकर्ता तथा नेताहरूले आफ्ना शीर्षस्थहरूलाई नियन्त्रण गरी सही दिशामा अभिमुख गराउन सक्नुपर्छ । अब पटकपटक प्रयोगमा आइसकेकाहरूबाट देशले पाउने कुशासन मात्र हो ।

युवाहरूले प्रारम्भदेखि नै आफ्नो सच्चरित्रता र इमानदारितामा कुनै प्रश्न चिह्न खडा हुन दिनुहुँदैन । पूर्ण अनुशासित र मूल्य एवं मान्यता तथा आदर्शको राजनीति गर्नुपर्छ । युवाहरूसँग यो विश्वमा रूपान्तरण ल्याउन सक्ने अदभूत शक्ति हुन्छ । नीतिका आधारमा शासन र दल परिचालन गर्न सबैलाई विश्वस्त गराउन सक्नुपर्छ । यसो भएमा मात्र नेपालको शासकीय शैली र नेताहरूको आचरणमा सुधार आउन सक्छ । यो एजेन्डामा मूल प्रवाहीकरण हुन नसक्ने नेतृत्वलाई बिदा दिन युवा दृढ रहँदा नेपाली जनताको समर्थन सहजै प्राप्त गर्ने अवस्था छ । तर, निर्णय निर्भीकताका साथ लिन सक्ने सामर्थ्य हाम्रा युवाहरूमा छ छैन ? त्यसैमा राष्ट्र निर्माण र लोकतन्त्रको संस्थागत विकासको पाटो निर्भर हुनेछ ।

– राजधानी दैनिक

# स्थानीय निर्वाचनको राष्ट्रिय महत्व

**डा. अतीन्द्र दाहाल**

राष्ट्रिय राजनीतिमा चुनाव अहिले निकै चर्चित शब्द हो । यो वर्षभित्र सङ्घ, प्रदेश तथा स्थानीय गरी तीनै तहका निर्वाचन सम्पन्न गर्नुपर्ने अभिभारा अहिलेको सरकारमाथि छ । लोकतन्त्रको आधार पनि आवधिक चुनाव नै हो । सत्ता गठबन्धनबीच कुन तहको चुनाव पहिले भन्नेमा केही समय माथापच्ची भए पनि स्थानीय तहको निर्वाचन पहिले तय हुनु निकै खुसीको कुरा हो । यसको रणनीतिक महत्त्वसमेत अन्य तहका निर्वाचनभन्दा बढी हुन्छ ।

संसदीय चुनावले नेतृत्वलाई आफ्नो औकात देखाउँला । दलको शक्ति र अवस्था जाहेर गराउँला । सत्ता र स्वार्थका राजनीतिक रणनीति बनाउन बाटो प्रशस्त गर्ला । अङ्क गणितका हिसाबले सरकार फाल्ने र पाल्ने प्रयोजनार्थ खेल्न सहयोग गर्ला । राज्य कोषको पेटीबाट बिलासी जीवन जीउने भेटी मिल्ला । त्यतिले मात्र जनतालाई निर्वाचनको कुनै राहत हुँदैन । त्यस्तो निर्वाचनले नागरिकका मुद्दाहरूसँग सम्बन्ध राख्न सक्दैन । खासमा नागरिकलाई महत्व चाहिँ स्थानीय तहको चुनावको बढी हुन्छ किनकी आमनागरिकसँग सघन सामीप्य र अधिक सरोकार भएको तह चाहिँ स्थानीय नै हो ।

नागरिकलाई स्थानीय तहबाट हुने कार्यसम्पादनको विशेष महत्त्व रहन्छ । विभिन्न घटनाक्रमले राष्ट्रिय राजनीति चलायामान देखिनु र तीनै विषयहरूले समाचारमा पहिलो स्थान ओगट्नु एक औपचारिकता मात्र हो । जनताका दैनिक जीवनसँग जोडिएका विषय स्थानीय तहमा नै हुन्छन् । स्थानीय तह सबैभन्दा सहज र आफ्नै ठाउँमा भेटिने सरकारसमेत हो । लोकतन्त्र बलियो हुने आधार राम्रो संविधान वा संसद् मात्र होइन । आमनागरिकलाई प्रत्यक्ष प्रजातन्त्रसहित राज्य गतिशील भएको अनुभव सरकारका निकाय र पदाधिकारीहरूका तर्फबाट प्रदान गरिने सेवाले बोध गराउँछ । अधिकांश मानिसले आफ्ना जीवनकालमा लिने सेवाका आधाभन्दा बढी सेवाचाहिँ स्थानीय तहबाट प्रवाह हुन्छन् ।

सक्षम, विश्वासिलो र प्रभावकारी स्थानीय तहको सशक्त उपस्थितिले देश तथा सिङ्गो प्रजातन्त्रलाई नै ठूलो भरोसा दिन्छ । अधिकांश विकास बजेट स्थानीय तहमार्फत खर्च हुन्छ । नागरिकले तिरेका धेरै खालका राजस्व त्यही दाखिला हुन्छन् । संविधानतः लगभग स्वायत्त रहेका र शक्ति विकेन्द्रीकरणको अनुपम पर्याय बनेर काम गरेका स्थानीय तहले विद्यालय शिक्षालगायतका विभिन्न दुई दर्जन क्षेत्रमा पूर्ण अख्तियारीसहित काम गर्नुपर्छ । सामाजिक सुरक्षा कार्यक्रमसमेत स्थानीय तहकै अधीनमा व्यवस्थित छ । हरेक नागरिकका सबै तथ्याङ्क प्रारम्भिक प्रशासन तथा सरकारको रूपमा रहेका स्थानीय तहमा नै रहन्छन् । सम्पत्ति कर यही भुक्तान गर्नुपर्छ । उक्त क्षेत्रभित्रका हरेक घटना तथा परिघटनामा पहिलो सरोकार स्थानीय तहकै रहन्छ ।

यस्ता अधिक महत्वका अनेकन जिम्मेवारी भएका स्थानीय तहमा आवश्यक चेकजाँच, अनुगमन/निरीक्षण, स्वीकृत र फछ्र्योट गर्ने निर्वाचित जनप्रतिनिधि नभएको खण्डमा समस्या विकराल बन्छ । कर्मचारी पदाधिकारीहरूको अवधि निश्चित समयको हुने तर निरन्तर निगरानी राख्ने स्थानीय तहका प्रतिनिधि नहुने भएमा उनीहरूको स्वेच्छाचारी मानसिकता अझ मलजल हुन्छ । स्थानीय तहमा प्रतिनिधिको उपस्थितिले लापरबाही र ढिलासुस्ती कम हुन्छ, सेवाप्रवाह सहज र नागरिकमैत्री बनेको हुन्छ, विकासले फड्को मार्न सक्छ ।

कर्मचारीका नातेदारहरू भएको नक्कली उपभोक्ता समिति गठन र नक्कली कार्यसम्पादनमार्फत आर्थिक अपचलन अनि नागरिकले तिरेको कर सम्बन्धित निकायको आम्दानीमा बाधिनुसट्टा व्यक्तिको गोजीमा दर्ज हुनेजस्ता बेथितिहरू रोकिन्छन् । जनप्रतिनिधि नभएको कुनै कालखण्डमा अख्तियारमा ८० प्रतिशत उजुरी स्थानीय तहका यस्तै बेथिति र भ्रष्टाचारमा परेको नजीरसमेत छ । जननिर्वाचित पदाधिकारीहरू सदैव तिनै नागरिकका आसपास रहनुपर्ने भएकाले भोलिको अस्तित्वलाई समेत विचार गरी गलत गर्नबाट सजग बन्छन् । फेरी पनि राजनीति गर्नुपर्ने र तिनै नागरिकबाट मत विश्वास लिनुपर्ने भएकाले सकेको राम्रो गर्छन्, नसके पनि भरसक गलत गर्दैनन् ।

एउटा सामान्य नागरिक जीवन कालमा एक दुई पटक रहर वा बाध्यताले प्रदेश अनि सङ्घीय राजधानी आउनुपर्ला । ती तहका नेता अथवा कर्मचारीसँग सेवा लिनुपर्ला तर हरेक सामान्य नागरिकसमेत हरेक वर्ष विभिन्न कामले दर्जनौं पटक स्थानीय तहमा पुग्नुपर्छ । त्यहाँका नेतृत्व र कर्मचारी वृत्तबाट सेवा लिनुपर्छ । एसिया फाउन्डेसनको नेपालमा स्थानीय सुशासनसम्बन्धी प्रतिवेदनमा कुनै बेला स्थानीय सरकारको अभावमा गाउँमा विकराल बेथितिहरू भएको निष्कर्ष निस्किएको थियो । जनप्रतिनिधि हुँदा त्यस्ता गतिविधिमा ६० प्रतिशतले कमी आएको र सेवाग्राहीहरूले सेवाको सुलभतामा निकै प्रगति भएको बताएको समेत उक्त अनुसन्धानले देखाएको छ । स्थानीय तह जनतालाई प्रत्यक्ष रूपले सहयोग गर्नुपर्ने ठाउँ हो जसले नागरिकलाई बढी राहत दिन्छ ।

जनतालाई देशको निकाससँगै आफ्नो तहमा विकास र सहजता चाहिएको छ । जसलाई राष्ट्रिय चुनावले थोरै र स्थानीय चुनावले धेरै मद्दत गर्छ । केन्द्रीय सरकार जतिसुकै सबल अनि नीति जतिसुकै राम्रा भए पनि जनताले राज्यको सुविधा पाउने स्थानीय तहबाटै हो । 'मेकिङ डेमोक्रेसी वर्क' नामक पुस्तकका लेखक आर डी पुटम्यानको समेत तर्क यस्तै छ । विकेन्द्रीकरणको सिद्धान्तको निष्कर्ष पनि यही हो । तसर्थ ती तहहरू सदैव चुस्त र दुरुस्त रहनुपर्छ, स्थानीय तहले राजनीतिको अद्वितीय सौन्दर्यसमेत बोकेको हुन्छ ।

अधिकांश नागरिकले प्रदेश अथवा सङ्घ तहका नेता चिनेको पनि नहुन सक्छ, उनीहरूका बारेमा कुनै धारणा नै नबनाएको पनि हुनसक्छ । जनताले राजनीतिमाथि समस्त विचार निर्माण गर्ने भनेको चाहिँ दिनहुँ आफूहरूले सम्पर्क राख्नुपर्ने स्थानीय तहका कार्यसम्पादन, सहयोग र सक्षमताबाट नै हो । त्यसैले नागरिक पनि स्थानीय निर्वाचनलाई बढी प्राथमिकता दिन्छन् । सिवुसिसोन्मेको र जयानी फेलटिनका विभिन्न अनुसन्धानले राष्ट्रियभन्दा स्थानीय चुनावमा नागरिकको चासो र सहभागिता २० देखि ३० प्रतिशत बढी हुने गरेको देखाउँछ ।

स्थानीय निर्वाचनमा नागरिकले मताधिकारको पनि बृहत्तर प्रयोग गर्न पाउँछन् । कम्तीमा एक मतदाताले तहको प्रमुख र उपप्रमुख, वडाध्यक्ष अनि चार वडा सदस्य गरी सात जनालाई मतदान गर्न पाइन्छ । यो अधिक मताधिकारको अवस्थासमेत हो । यसरी आउने सातमध्ये कम्तीमा तीन प्रतिनिधि महिलासमेत हुनुपर्ने भएकाले स्थानीय निर्वाचनले समावेशिताको दायरासमेत फराकिलो र सङ्ख्यासमेत उल्लेख्य रूपमा बढोत्तरी गराउँछ । धेरैजनालाई निर्वाचित गर्न पाउने हुँदा मतदाताका आफ्ना कतिपय प्राथमिकतालाई समन्वय गर्न र सामन्जस्यता गराउन पनि सहज हुन्छ । थुप्रै आकाङ्क्षीलाई स्थानीय तहमा नै प्रतिस्पर्धी बनाइसके पछि दलहरूलाई माथिल्ला तहका निर्वाचनमा उम्मेदवार व्यवस्थापनसमेत सहज बन्न सक्छ । उनीहरूको कलह तथा आन्तरिक किचलो कम बन्नेछ । दलीय आत्मीयता सुदृढ हुनु पनि प्रजातन्त्रका लागि सुखद कुरा हो किनकी त्यसले दलीय राजनीतिलाई बलियो बनाउँछ ।

नागरिकमा राजनीतिक चेतनासमेत व्यापक बन्दै जान्छ । स्थानीय तहमा धेरै सङ्ख्यामा उम्मेदवार हुने हुँदा हरेकसँगको भेटघाट र भलाकुसारीले अतिरिक्त ज्ञान र सूचना प्रवाह हुन्छ । मतदाताको बुझाईको दायरा फराकिलो बन्छ । मतदाता प्रशिक्षणको रफ्तारले समेत नयाँ उचाइ लिन्छ । कतिपय विषयमा नागरिकले फरक/फरक दलका व्यक्तिलाई फरक/फरक पदमा निर्वाचित गरिदिँदा नागरिक विवेकको नयाँ अवस्थासमेत उजागर हुन्छ । विस्तारै मतदाताहरू दलीय भागबण्डाभन्दा उम्मेदवारको क्षमता अनि सम्भावित सामाजिक फाइदा हेर्ने आदत निर्माणमा अभ्यस्त हुँदै गएको सत्यता प्रस्टिने छ । पार्टीहरूलाई आफ्नो वास्तविक लोकप्रियता के रहेछ भन्ने आत्मज्ञान पनि दिनेछ । आउँदा निर्वाचनका लागि अरू आवश्यक रणनीति निर्माणमा केही प्रयास गर्ने बाटोसमेत हुनेछ ।


यो एक प्रकारको स्थायी सरकार हो । प्रदेश तथा सङ्घका सरकारहरू त फेरिन पनि सक्छन् तर यसले अविछिन्न रूपमा आफ्नो समयावधिभरि काम गर्छ । कोही कसैलाई दोषारोपण गरेर उम्कन पाउँदैन । स्थानीय सरकारसामु नागरिकको सौदावाजी शक्तिसमेत प्रदेश/सङ्घ भन्दा धेरै बढी हुन्छ । उसका कामप्रति नागरिकको सचेतना स्तर पनि बढी नै हुन्छ । परिवर्तन नामको र नक्साको फेरबदलमा होइन, नियत र नियमित कार्यसम्पादन शैलीमा देखिनुपर्छ । आमजनतासँग सरोकार राख्ने स्थानीय तहले यस्तो सन्देश दिन सक्छ । त्यसैले स्थानीय तहलाई पन्छाएर गरिने कुनै पनि चुनाव बेमौसमको बादलजस्तो हो, जसले कुनै वर्षा गर्ने क्षमता राख्दैन । केन्द्रीय राजनीति बिटुलो र विशक्त रहे पनि स्थानीय तहबाट सक्षम सेवा प्रवाहको सम्भावना बढ्नेछ । जनताले सेवा चुस्तता एवं बढ्दो राजनीतिक सौन्दर्यको आभाष गर्नेछन् । त्यति खेर लोकतन्त्र शब्दको सार्थकता अलिक बढी बोध हुनेछ । त्यसैले निर्वाचन स्थानीय भए पनि यसको महत्व चाहिँ राष्ट्रिय हुन्छ । गोरखापत्र

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## समाचार प्रती ध्यानाकर्षण गर्यो उमाकुण्डले

रामेछाप । उमाकुण्ड गाउँपालिकामा निमित प्रशासकीय अधिकृत र लेखापालबीच हात हालाहालको शिर्षकमा विभिन्न अनलाईनमा प्रकाशित



उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४८-६९९९२७
पत्र सङ्ख्या:-०७८/०७९
चलानी नं:-
मिति:-२०७८/१०/२०
विषय:- प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा मिति २०७८/१०/२० गते प्रशासकीय अधिकृत र लेखापाल बिच हात हालाहाल शिर्षकमा अनलाईन पत्रिकामा प्रकाशित समाचार प्रति उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । मिति २०७८/१०/१८ गतेका दिन तोक आदेश विना बनेको चेकको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र कुमार पैकरा र लेखा अधिकृत राजन प्रसाद गुरागाई विच सामान्य छलफल भएको र छलफलको क्रममा तोक आदेस विना बनेको चेकहरु रद्ध गर्ने गरि च्यातिएको कुरा सत्य भएतापनि त्यस भन्दा बाहेक अन्य कुनैपनि अमर्यादित गतिविधि तथा हात हालाहाल र आरोप प्रत्यारोप नभएको कुरा स्पष्ट पार्न चाहान्छौ । सो समयमा गाउँपालिकाको कर्मचारीहरु र सेवाग्राही नागरिकहरु समेत उपस्थित रहेको हुँदा सत्यतथ्य कुरा निजहरुबाट बुझ्दा झन प्रभावकारी हुनेछ।यसरी सत्यतथ्य नबुझि भ्रमपुर्ण समाचार प्रकाशित गरेकोमा सो प्रति खेद प्रकट गर्दै यस्ता गलत समाचारको पछि नलाग्नुहुन सम्बन्धित सबैमा अनुरोध गर्दै आफुहरु नागरिकको सेवामा परिचालित हुँदै प्रभावकारी सेवा प्रवाहको लागी निरन्तर लागी रहने प्रतिवद्धता व्यक्त गर्दछौ ।

श्री राजन प्रसाद गुरागाई
लेखा अधिकृत
राजन प्रसाद गुरागाई
लेखा अधिकृत (छैठौं)

श्री दिपेन्द्र कुमार पैकरा
नि. प्रमुख प्रशासकीय अधिकृत
दिपेन्द्र कुमार पैकरा
निमित प्रमुख प्रशासकीय अधिकृत

"सुन्दर समृद्ध र विकसित उमाकुण्डको आधार- पर्यटन, कृषि,जलश्रोत र सम्पन्न पुर्वाधार"
Email:-ito.umakundamun@gmail.com, web:-www.umakundamun.gov.np,

समाचारप्रति गम्भीर ध्यानाकर्षण गराएको छ । यहि माघ १८ गते प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र कुमार पैकरा र लेखा अधिकृत राजन प्रसाद गुरागाईबीच भनाभन सहित हात हालाहाल र चेक च्यात्नेसम्मको क्रियाकलाप भएको भन्ने विभिन्न अनलाईनमा समाचार प्रकाशित भएको थियो ।

सोही समाचारलाई लिएर पालिकाले प्रेस विज्ञप्ती जारी गर्दै विज्ञप्तीमा भनिएको छः- मिति २०७८/१०/१८ गतेका दिन तोक आदेश बिना बनेको चेकको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र कुमार पैकारा र लेखा अधिकृत राजन प्रसाद गुरागाईबीच सामान्य छलफल भएको र छलफलको क्रममा तोक आदेश बिना बनेको चेकहरु रद्द गर्ने गरी च्यातिएको कुरा सत्य भएतापनि त्यसभन्दा बाहेक अन्य कुनैपनि अमर्यादित गतिविधि तथा हात हालाहाल र आरोप प्रत्यारोप नभएको कुरा स्पष्ट पार्न चाहान्छौं ।

निमित प्रमुख प्रशाकीय अधिकृत र लेखा अधिकृतको हस्ताक्षारित जारी विज्ञप्तीमा भनिएको छः-गाउँपालिकाको कर्मचारीहरु र सेवाग्राही नागरिकहरु समेत उपस्थित रहेको हुँदा सत्यतथ्य कुरा निजहरुबाट बुझ्दा अझ प्रभावकारी हुनेछ । यसरी सत्यतथ्य नबुझि भ्रमपूर्ण समाचार प्रकाशित गरेकोमा सो प्रति खेद प्रकट गर्दै यस्ता गलत समाचारको पछि नलाग्न सम्बन्धित सबैमा अनुरोध गर्दै आफूहरु नागरिकको सेवामा परिचालित हुँदै प्रभावकारी सेवा प्रवाहको लागि निरन्तर लागि रहने प्रतिवद्धता व्यक्त गर्दछौं । भन्दै सन्चारकर्मीहरुलाइ आछेप लगाएका छन् । तर १८ गते भएको घटनाको सम्बन्धमा केही विवाद भएकै कुरा उमाकुडमा ब्याप्त चर्चा थियो ।

## चुनाव केन्द्रित गतिविधि बढाउन सभापति तामाङको निर्देशन

रामेछाप । नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ 'कान्छारम' ले चुनाव केन्द्रित गतिविधि अगाडि बढाउन कार्यकर्तालाई आग्रह एवं निर्देशन दिएका छन् । उनले आफ्नो सबै ध्यान कसरी पार्टीलाई तीनै तहको निर्वाचनमा बिजयी गराउन सकिन्छ भनेर केन्द्रित भएको भन्दै जिल्लामा पार्टीका कार्यकर्तालाई चुनावी गतिविधिमा केन्द्रित भएर लाग्न आग्रह गरेका हुन् ।

शनिबार बसेको पदाधिकारी बैठकलाई सम्बोधन गर्दै सभापति तामाङ्ले जिल्लामा पार्टीको संगठन बलियो बनाउन सबैले म,म भनेर लाग्नु पर्ने भन्दै मेरो ध्यान अहिले हामीले कसरी तीन तहको निर्वाचनमा कांग्रेसको जितलाई सुनुश्चित गर्न सक्छौं । सबैले सोचौं, एक ढिक्का भएर लागौं, पार्टीको संगठन कम्जोर भएका ठाउँमा बलियो बनाउन लागौं भने ।' उनले आउदो निर्वाचनमा युवा शक्ति, पंतिलाई अगाडि ल्याउन जोड् दिएका थिए । साथै कांग्रेसले सर्वसमतिबाटै आफ्नो उम्मेद्वर तय गर्न सक्नु पर्नेमा जोड् दिएका छन् । पदाधिकारीहरुले पनि यो विषयलाई पूर्ण समर्थन गरेका छन् ।

## खाँडादेवी गाउँपालिकामा छुट्टै जनगणना

रामेछाप । केन्द्रीय तथ्याङक विभागले सार्वजनिक गरेको प्रारम्भिक जनगणनाप्रति असहमति जनाउदै खाँडादेवी गाउँपालिकाले छुट्टै जनगणना सुरु गरेको छ । गाउँपालिकाभित्रको वास्तविक जनसंख्याको तथ्याङक निकाल्न गाउँपालिको नौ वटै वडामा गणक खटाएको हो । दुई बर्ष अघि गाउँपालिकाले संकलन गरेको जनगणना अनुसार गाउँपालिकाको जनसंख्या ३३ रहेको थियो । सोही अनुरुप जनसंख्या बृद्धि हुने अनुमानसहित गाउँपालिकाले गत आर्थिक बर्ष नै प्रस्तावित खाँडादेवी नगरपालिका घोषणा गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पत्राचार गरेको थियो । तर हालै सार्वजनिक भएको जनसंख्यामा खाँडादेवी गाउँपालिकाको जनसंख्या १९ हजार मात्र रहेको तथ्याङक सार्वजनिक भएको थियो । अझ रोचक त के छ भने १९ हजार जनसंख्या रहेको खाँडादेवी गाउँपालिकामा मतदाताको संख्या भने २२ हजार बढी रहेको छ । गाउँपालिकाले यही फागुन १२ गतेभित्र सम्पन्न गर्ने गरी गाउँपालिकाको वास्तविक जनसंख्या निकाल्ने गरी तथ्याङक संकलनको काम अगाडि बढाएको छ । खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङले तथ्याङ विभागले सार्वजनिक गरेको तथ्याङकले आशंका उब्जाएको बताए ।

# मेगा क्यापिटलको फन्टलाइनमा खट्नेहरुको लागि ५० प्रतिशतसम्म छुट दिने

काठमाडौ । मेगा क्यापिटल मार्केट्स लिमिटेडले Covid–19 संक्रमन




चलिरहेको अवस्थामा समेत आफ्नो व्यक्तिगत जीवनभन्दा देशवाशी नेपाली आमा बुवा, दाजुभाइ, दिदीबहिनीहरुको स्वास्थ्य सम्बेदनशिल भएको ठानेर स्वास्थ्य क्षेत्र तथा फ्रन्ट लाइनमा खटिने स्वयम सेवकहरुलाई धन्यवाद दिनुको साथै उनिहरुको लागि मेगा क्यापिटलले एउटा विशेष योजना सार्वजानिक गरेको छ। जसमा मेगा क्यापिटलको पोर्टफोलियो सर्भिसको ( ) वार्षिक शुल्क ( AMC) मा ५०% र भ्हष्त मा ५० % छुट ल्याएको जानकारी दिएको छ ।

# ज्योति वैकद्धारा ट्रफिकलाई सामग्री हस्तान्तरण

काठमाडौ बिहीबार आयोजित एर्क कार्यक्रम गरी ज्योति विकास बैंकको




तर्फबाट बैंकका कोटेश्वर शाखाका शाखा प्रबन्धक किशन खड्काले महानगरीय ट्राफिक प्रहरी प्रभाग कोटेश्वरका इन्स्पेक्टर रामकृष्ण देवकोटालाई विभिन्न ट्राफिक व्यवस्थापन बोर्डहरू हस्तान्तरण गर्नु भएकोथियो गरेक हुन् ।

# लक्ष्मी बैंकले ब्राण्ड फिल्म निर्माणका लागि क्राउडसोर्सिङ प्रतियोगिता गर्ने

काठमाडौ । लक्ष्मी बैंकले आउँदो २० औं वार्षिकोत्सवको अवसर पारेर ब्राण्ड फिल्म निर्माणका लागि अनुभवी निर्माता तथा एजेन्सीहरुका लागि 'क्राउडसोर्सिङ' प्रतियोगिताको घोषणा गरेको छ । सो प्रतियोगिताको विजेताले




लक्ष्मी बैंकको ब्राण्ड फिल्म निर्माण गर्नका लागि रु. २० लाखको कन्ट्र्याक्ट हात पार्ने उल्लेख छ । प्रतियोगिता लक्ष्मी बैंकको ५ मूल मान्यताहरुमा आधारित रहेर गर्ने उल्लेख छ । बैंकका अनुसार रिलेसनसिप, एक्स्प्लोर्स, टिमवर्क, रेस्पोनिसबल, प्रोग्रेसिभ, जसको आधारमा बैंकले २० वर्षको गरिमामय यात्रा तय गर्न सफल भएको छ, सबै प्रतियोगी इन्ट्रीहरूलाई एक्स्पर्ट प्यानलद्वारा प्राविधिक र रचनात्मक दुवै पक्षहरूलाई मध्यनजर गर्दै जज गरिने बिज्ञप्तिमा उल्लेख छ । सो प्रतियोगिता लक्ष्मी बैंकको 'क्राउडसोसिंङ' मा आधारित तेस्रो प्रतियोगिता हो। यस अघि बैंकले २०१८ मा 'माइ कार्ड आइडियाज' र २०२० मा 'माइ मोबाइल मनि भिडिओ कन्टेस्ट' मा उत्साहजनक सफलता पाइसकेको छ । बैंकले यस्तै अभियानहरुद्वारा ग्राहकहरुलाई आफ्ना रचनात्मक प्रतिभालाई कृयाशील बनाई बैंकको विविध अभियानहरुमा संलग्न हुने अवसर प्रदान गर्दै आइरहेको छ ।

# मुक्तिनाथ बैंकका ग्राहकहरुलाई अनलाइन सपिङ बजेट पसलडट कममा विशेष छुट

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेविट कार्ड वाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवा दिन काठमाडौ उपत्यकामा सञ्चालित अनलाइन सपिङ्ग बजेट पसल डट कम सँग व्यवसायिक सम्झौतामा हस्ताक्षर भएको छ। बजेट पसल डट कम द्धारा केही किल्कबाट नै सजिलै विभिन्न सामाग्रीहरु जस्तै खाद्य वस्तुहरु, मोबाइल , ल्यापटप तथा अन्य विद्युतीय सामाग्री , घरेलु सर सफाई, सुन्दरताका सामाग्री तथा अन्य सामान सजिलै अनलाइन




खरिद गर्न सकिने छ । होम डेलिभरीको व्यवस्था रहेको हुँदा यो सेवा आफू व्यस्त रहेको समय र कोरोनाको समयमा पनि निकै उपयुक्त रहने बैंकले विश्वास लिएको जनाएको छ । नेपालमा कोरोनाको हल्लापछि अनलाइनमा दखल राख्नेहरुले बिभिन्न माध्यम अपनाएर पैशा कमाउने मेलोमा लागेका छन् । धेरै थरीले धेरै प्रकाका सुविधा दिने बताए पनि विश्वसनीय कुनैको पनि देखिएको छैन । बैकले आफ्नो ग्रहकको हित चिताउनु स्वभाविक हो ।

# सिटिजन्स बैंकको ग्राहक केन्द्रित कल सेन्टर

सिटिजन्स बैंकले डिजिटल बैंकिङको बढ्दो आवश्यकतालाई मध्यनजर गर्दै कल सन्टरको सुरूवात गरेको छ। बैंकका ग्राहकहरुले ग्राहक सेवा प्रतिनिधिसँग सम्पर्क गरी आफ्ना बैंकिङसम्बन्धी जिज्ञासा तथा समस्या समाधान शाखामा उपस्थित नभएरै गर्न सकिने जनाएको छ । ग्राहकहरूले बैंकको फोन नम्बर ०१-५९७००६८ मा फोन गरेर वा इमेल गरी कल सेन्टरको सुविधा पाउन सक्ने जनाएको छ । कल सेन्टरको प्रयोगले ग्राहकलाई सहज ढंगले बैंकिङ सेवा र सूचना प्राप्त गर्न सहयोग पुग्ने बैंकको दावी छ। हालका लागि यो सेवा आठ घण्टाको लागि मात्रै उपलब्ध भएपनि आगामी दिनमा समयावधि थप्दै लैजाने बैंकले जनाएको छ। देशभर रहेका १३ लाखभन्दा बढी ग्राहकलाई यो सेवा सुरु भएसँगै बैकसँग थप नजिक हुन सहज हुने बैंकको विस्वास छ। सिटिजन्स बैंकले



नगदरहित बैंकिङ, व्यक्तिको उपस्थिति विनाको बैकिङ, स्वचालित प्रणालीतर्फ अग्रगामी बनाउँदै लगेको बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बताए ।

# एन आई सी एशिया बैंकको सर्वश्रेष्ठ बचत खाता

एन आई सी एशिया बैंकले बजारको सूक्ष्म रुपको अध्ययन तथा विश्लेषण गरी निरन्तर रुपमा थप ग्राहकमैत्री, प्रभावकारी तथा बैंकिङ्ग क्षेत्रकै सर्वश्रेष्ठ फाइदाहरूले भरिपूर्ण हुने सुनिश्चित गर्दै जाने नीतिअनुरुप यस अघि लिएर




आएको सर्वश्रेष्ठ बचत खाताहरूमा पाइने फाईदाहरूलाई थप वृद्धि गर्दै १ वर्ष अवधिसम्म उपलब्ध हुँदै आएको बीमा सुविधालाई ५ वर्ष अवधिको लागि प्रदान गरेको छ । बचत खातामै रू. ८४ लाखसम्मको सर्वश्रेष्ठ बीमा फाइदा प्रदान गर्ने व्यवस्था गरेको यस सर्वश्रेष्ठ बचत खाता खोल्ने ग्राहकले ३ कर्जा सम्बन्धी सर्वश्रेष्ठ फाईदा अन्तर्गत कर्जामा सहुलियत ब्याजदर, प्रशासनिक शुल्कमा विशेष छुट र पूर्व स्वीकृत कर्जा सुविधा समेत प्राप्त गर्न सक्ने पनि बैकले जनाएको छ । बीमा तथा कर्जासम्बन्धी सर्वश्रेष्ठ फाईदाहरूका साथसाथै बैंकले सर्वश्रेष्ठ बचत खातामा प्रदान गर्दै आएको १८ अन्य सर्वश्रेष्ठ फाईदाहरूलाई पाँच वर्षको अवधीसम्म उपलब्ध गराएको पनि बैकले जनाएको छ ।

## अर्थ संसार

# एनआइबीएल गज्जब ६ मुद्दती खाता

नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले स्थापनाको ३६ औं वार्षिकोत्सवको अवसरमा एनआइबीएल गज्जब ६ मुद्दती खाता सञ्चालनमा ल्याएको छ।




भविष्यमा आफ्ना ग्राहकवर्गहरुलाई आइपर्ने आर्थिक व्यय भार, औषधोपचार , शैक्षिक खर्चका साथै अन्य सामाजिक दायित्व सहजतापूर्वक परिपूर्ति गर्नका लागि यो योजना सहयोगीसिद्ध हुनेमा बैंक विश्वस्त रहेको पनिा जनाएको छ । यस मुद्दती खातामा निक्षेपको रकम २० वर्षमा ६ गुणा हुने, जुनसुकै उमेर समूहका व्यक्तिले खोल्न सक्ने, न्यूनतम १० हजारमा खोल्न सकिने, निशुल्क क्रेडिट कार्ड प्राप्त गर्न सकिने तथा सावाँ तथा पाकेको ब्याजको ९० प्रतिशतसम्म कर्जा प्राप्त गर्न सकिने जस्ता विशेषताहरु रहेका पनि बैकले जनाएको छ ।

# लक्ष्मी बैंकको क्राउडसोर्सिङ प्रतियोगिता

लक्ष्मी बैंकले आफ्नो २०औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकको ब्राण्ड फिल्म निर्माणका लागि अनुभवी निर्माता तथा एजेन्सीहरुका लागि 'क्राउडसोर्सिङ' प्रतियोगिताको घोषणा गरेको छ । सो प्रतियोगिताको विजेताले बैंकको ब्राण्ड फिल्म निर्माण गर्नका लागि २० लाख रुपैयाँको कन्ट्र्याक्ट हात




पार्नेछन् । यो प्रतियोगिता लक्ष्मी बैंकको ५ मूल मान्यताहरुमा आधारित रहेको बैंकले जनाएको छ । रिलेसनसिप, एक्स्प्लोर्स, टिमवर्क, रेस्पोनिसबल, प्रोग्रेसिभ, जसको आधारमा बैंकले २० वर्षको गरिमामय यात्रा तय गर्न सफल भएको बैंकले जनाएको छ । सबै प्रतियोगी इन्ट्रीहरूलाई एक्स्पर्ट प्यानलद्वारा प्राविधिक र रचनात्मक दुवै पक्षहरूलाई मध्यनजर गर्दै जज गरिने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यस विषयका थप जानकारी बैंकको वेबसाइटमा हेर्न सकिने बताइएको छ । सो प्रतियोगिता लक्ष्मी बैंकको 'क्राउडसोसिंङ' मा आधारित तेस्रो प्रतियोगिता हो । यसअघि बैंकले २०१८ मा 'माइ कार्ड आइडियाज' र २०२० मा 'माइ मोबाइल मनि भिडिओ कन्टेस्ट' मा उत्साहजनक सफलता पाएको दावी गरेको छ । बैंकले विभिन्न अभियानमार्फत ग्राहकलाई आफ्ना रचनात्मक प्रतिभालाई कृयाशील बनाई बैंकको विविध अभियानमा संलग्न हुने अवसर प्रदान गर्दै आएको जनाएको छ ।

# प्रभु क्यापिटलको विन्टर अफर सञ्चालन

प्रभु क्यापिटलले गत वर्ष सञ्चालन गरेको विन्टर अफरमा ग्राहकको अभूतपूर्व सहभागितालाई मध्यनजर गर्दै यस वर्ष पनि विन्टर अफर ल्याएको छ । हाल देशभरी व्याप्त कोभिड महामारीको अवस्थाबाट सुरक्षित रहँदै यस वर्षको जाडो मौसममा घरमै बसीबसी अनलाइन माध्यमबाट प्रभु क्यापिटलको मोबाइल एप तथा वेबसाइटबाट र भौतिक रुपमा प्रभु बैंकको देशभरी




रहेका कुनै पनि शाखा वा प्रभु क्यापिटलको कार्यालय कमलादीमा आई डिम्याट खाता खोल्न चाहने ग्राहकको लागि यही माघ १८ देखि चैत १७ गतेभित्र डिम्याट खाता खोल्दा २ वर्षको लागि निःशुल्क डिम्याट र मेरा सेयर सुविधासहितको विन्टर अफर योजना ल्याएको छ । यस योजनाअन्तरगत डिम्याट खाता खोल्न चाहने ग्राहकलाई क्यापिटलले २ वर्षको लागि निःशुल्क डिम्याट खाता र मेरो सेयर अनलाइन सेवा प्रदान गर्ने कम्पनीले जनाएको छ । करिब ६ महिनापछि प्राथमिक सेयर निष्काशनको तयारीमा रहेको र आईपीओ तथा दोश्रो बजारमा लगानी गर्ने इच्छा भएका धेरै नेपालीको अझै पनि डिम्याट खाता नभएको हुँदा नेपालभित्र वा बाहिर रहेका ग्राहकले अनलाइनबाटै निःशुल्क खाता खोली समय तथा रकमको बचत गरी लाभ लिन सक्ने कम्पनीले जाएको छ ।

# समस्याको भुमरीमा बेरुजु

**डा. दामोदर पुडासैनी 'किशोर'**

गत भदौ ४ गते महालेखा परीक्षकले राष्ट्रपतिसमक्ष ५८ औँ वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो । सङ्घीय सरकारी निकाय, प्रदेश कार्यालय र स्थानीय तहसमेतको गएको वर्ष ५३ खर्ब २७ अर्ब ९१ करोड रुपियाँको लेखापरीक्षण सम्पन्न गरेकोमा एक खर्ब चार अर्ब ३९ करोड रुपियाँ बेरुजु औँल्याइएको प्रतिवेदनमा उल्लेख छ ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेस भएको एक हप्तासम्म प्रतिवेदनमा उल्लेख भएका बेहोराका सम्बन्धमा निकै चर्चा-परिचर्चा भएरु। पत्रपत्रिका, रेडियो, टेलिभिजन र अरू सञ्चारमाध्यममा देशमा घटेका आर्थिक अनियमितता सम्बन्धमा चर्काचर्की आरोह-अवरोहका विषय उठे तर त्यसपछि चैतको खहरे सुकेझैँ लेखापरीक्षण, बेरुजु र सम्परीक्षणका प्रसङ्ग एकाएक बिलाए, मानौँ देशमा अब आर्थिक विकृति-विसङ्गति सबै सामसुम भइसके र बेरुजु नहुने काम गर्न, बेरुजु फर्स्योट र सम्परीक्षण गर्न कसैले चासो पु-याउन आवश्यक नै छैनरु। यो नेपालको प्रवृत्ति हो ।

हरेक वर्ष लेखापरीक्षणको वार्षिक प्रतिवेदन पेस हुँदा हुर्हुर्ती जलेको आगोझैँ राप देखा पर्छ तर तुरुन्तै निस्तेज खरानीझैँ हावाले उडाइदिन्छरु। सामान्य अर्थमा रीत नपु-याई कारोबार गरेको अथवा प्रचलित नियम, कानुन, प्रणाली र कार्यविधिका प्रावधानसँग रुजु नहुने गरी गरेका कामकारबाहीको आर्थिक आकलन नै बेरुजु हो । बेरुजु आर्थिक प्रशासनको मन्द विष होरु। अर्थव्यवस्थाको फोहोर, कसिङ्गर, गन्ध र अँध्यारो पनि होरु। बेरुजु हुनै नदिनेतर्फ सचेत भई काम गर्ने र भएका बेरुजु अन्त्य गर्ने कार्यमा सम्बन्धित क्षेत्र नलाग्ने हो भने जनताबाट उठेको कर, राजस्व र जनताको नाममा प्राप्त स्रोतसाधन अन्ततः सीमित पहुँचवालाको मुट्ठीमा मात्र बन्द हुने तर सर्वसाधारण जनता भने बजेटका रित्ता आश्वासन सुन्न मात्र बाध्य बन्छन ।

बेरुजु वर्गीकरण निर्देशिकाअनुसार बेरुजु असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेश्की बाँकीमा वर्गीकरण गरिएको छरु। सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थाको गत वर्षसम्मको बेरुजु र यस वर्ष थप भएको एक खर्ब चार अर्बसमेत चार खर्ब १८ अर्ब ८५ करोड रुपियाँ बेरुजुको भारले देश थिचिनु निश्चय नै नकारात्मक सङ्केत हो ।

नेपालजस्तो विकासोन्मुख मुलुकमा बेरुजुलाई गम्भीरतापूर्वक नलिएको कारणले पनि अर्थव्यवस्था सञ्चालनमा बेरुजु एउटा घातक रसायन साबित भएको छरु। प्रणालीमुखीभन्दा तजबिजका आधारमा लेखापरीक्षण गरिनु, वैज्ञानिक सूत्र, मूल्य र मान्यतामा आधारित नभई स्वैच्छाचारी ढङ्गले बेरुजु लेखिनु, बेरुजु बढी लेख्न सकेमा लेखापरीक्षकको हैसियत देखिन्छ भन्ने मान्यताले बढावा पाउनु, सम्बन्धित क्षेत्रको मूल्यमान्यता, प्रणाली र विधिको वास्तै नगरेर बेरुजु लेख्नु, सम्बन्धित क्षेत्रका जानकारको तर्क, प्रमाण र यथार्थता वास्तै नगरी बेरुजु औँल्याउनु र लेखापरीक्षण क्षेत्रको सर्वज्ञ आफू मात्रै हो भन्ने मानसिकताबाट लेखापरीक्षक मुक्त हुन नसक्नाको कारणले पनि हुनुपर्ने बेरुजु अङ्कित नहुने र नहुनुपर्ने बेरुजु कायम हुने परिस्थिति विद्यमान छरु। औँल्याइनुपर्ने बेरुजु छुट्नु र नऔँल्याइनुपर्ने कारोबारलाई बेरुजु साबित गर्नु आफैँमा बेरुजुजन्य कार्य हो ।

औँल्याइएका बेरुजुका तथ्य, कारण पत्ता लगाई त्यसको निदानतर्फ सम्बन्धित निकाय नलागी बेरुजुलाई हास्यास्पद विषयका रूपमा लिइनु अर्को विचारणीय विषय होरु। बेरुजु भएका व्यक्ति र संस्थालाई तुरुन्तै कानुनी कारबाही नगरिनु र जतिसुकै ठूलो रकम र गम्भीर प्रकृतिको बेरुजु रहे पनि पहुँच र शक्तिका आधारमा उन्मुक्ति दिनु विकासोन्मुख मुलुकको संस्कृति नै बनेको पाइन्छ ।

बेरुजु भनेको आर्थिक व्यवस्थापन सञ्चालनमा देखिएको त्रुटि, भूल, गल्ती, जालसाजी वा बदनियतको परिणाम पनि हो । नेपालको परिप्रेक्ष्यमा हेर्दा बेरुजु देखिनु र बेरुजु बढ्नुका केही प्रमुख कारण छन्रु। योजना निर्माण, योजना सञ्चालन, बजेट निर्माण र बजेट सञ्चालनको क्रममा प्रणालीगत र विज्ञानसम्मत परिपाटी नअँगाल्ने, गलत संस्कृतिलाई बढावा दिने, तजबिज परिपाटी, शक्तिको वरिपरि प्रदक्षिणा गरेर शक्ति केन्द्रका गलत आसयलाई सार्थकता दिने प्रशासन यन्त्रका कारण पनि आर्थिक अनियमितताको जङ्गल झन् झन् हरिलो भरिलो बनिरहेको देखिन्छ ।

सङ्घीय कानुन र प्रदेश कानुनका बीच तादात्म्यता कायम नभएको, प्रदेश तथा स्थानीय तहमा समेत सङ्घीय अनुदानको भरमा मात्र बजेट सञ्चालन रहने गरेको, ठोस काममा भन्दा वितरणमुखी र अनुत्पादक कार्यक्रममा बजेट केन्द्रित हुने गरेको, आयोजना सञ्चालन खर्चभन्दा प्रशासनिक खर्च बढी हुने गरेको, मापदण्डबेगर र तोकिएभन्दा बढी सुविधा लिने परिपाटी बढेकोजस्ता कारणले वित्तीय सङ्घीयता सञ्चालनमै अप्ठेरो परेको छरु। यथार्थपरक ढङ्गमा बजेट निर्माण नहुनु र बजेट कार्यान्वयन मनोमानी ढङ्गले गरिनुको कारणले पनि आर्थिक व्यवस्थापनमा धमिलो र अँध्यारो सिर्जना भएको छ ।

आवधिक योजना सञ्चालनको लामो अवधि पार गरिसके पनि आयोजना छनोट, सञ्चालन र अनुगमनको पक्षमा हाम्रा धेरै कमजोरी छन । यसको परिणामस्वरूप बेरुजुको डङ्गुर झन् झन् चुलिँदै गइरहेछ । कतिपय आयोजना सञ्चालनमा अन्तर सरकार र अन्तर निकायबीच समन्वय हुन सकेको देखिँदैन । पूर्वतयारी नै नगरी आयोजना छनोट गर्ने, बजेटमा समावेश नै नगरी वैदेशिक सहायता प्राप्त गर्ने, वैदेशिक सहायता स्वीकार गर्ने तर त्यसको सही उपयोग गर्न नसकेका कारण पनि कतिपय आयोजना घर न घाटका भएका छन ।

उपभोक्ता समितिको सीप, ज्ञान र क्षमताले नै नभ्याउने काम पनि उपभोक्ता समितिमार्फत गराउने, धेरै आयोजना पूरा गर्नेतर्फ ध्यान नै नदिई नयाँ आयोजना सुरु गर्ने, ठूलो रकम लागत अनुमान भएका ठूला आयोजनामा बर्सेनि थोरै थोरै रकम विनियोजन गरेका कारण न लगानी सार्थकता हुने न आयोजना पूरा हुने स्थिति देखिन्छ । सार्वजनिक सम्पत्तिको अभिलेख दुरुस्त नहुनु, भएका सम्पत्ति सदुपयोग नगरी नयाँ खरिदतर्फ उन्मुख हुनु पनि अर्को विडम्बना हो ।

खर्च क्षेत्र मात्र नभई राजस्व प्रशासन चुस्त र दुरुस्त नहुँदा पनि बेरुजुको मात्रा बर्सेनि बढेको छ । करको दायरा विद्युतीय प्रणालीबाट पूर्ण रूपमा सञ्चालन नगरिनु, करदाताले सहज र सरल रूपमा कर तिर्ने वातावरणको सट्टा कर प्रणाली जटिल बनाइनु, कर र मूल्य अभिवृद्धि कर नतिर्नेहरूको सङ्ख्या बर्सेनि चुलिँदै जानु, भन्सार र बजारमा न्यून विजकीकरण प्रवृत्तिले बढावा पाउनु, राजस्व बक्यौताको स्पष्ट अभिलेख नहुनु र दिनानुदिन राजस्व बक्यौता वृद्धि हुँदा पनि सम्बन्धित निकाय मुकदर्शक बनेर बसिरहनुजस्ता कारण पनि बेरुजु वृद्धि हुने गर्दछ ।

बेरुजु कम गर्न सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणाली बलियो हुन जरुरी छ । आर्थिक प्रशासनको एउटा महत्वपूर्ण हिस्सा लेखापरीक्षण पनि होरु। आर्थिक प्रशासन सञ्चालनका क्रममा देखिएका त्रुटि, भूल, गल्ती र जालसाजीलाई लेखापरीक्षणले औँल्याउन जरुरी छ । लेखापरीक्षण प्रतिवेदन यथासक्य छिटो प्रस्तुत नहुने, लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनउपर छिटोभन्दा छिटो विकृति निराकरणप्रति ध्यान नदिने, बेरुजुका खात सिरानीमुनि हालेर मस्त निदाउने जिम्मेवार पदाधिकारीहरू र सम्बन्धित निकायको बाहुल्यले पनि बेरुजु फर्स्योट र सम्परीक्षण कार्य नाम मात्रको हुँदै आएको छ ।

मन्त्रालय, विभाग, कार्यालय र निकायमा द्रुतगतिमा पदाधिकारीको फेरबदल भइरहने र नियुक्त पदाधिकारी र कर्मचारीको कार्य प्राथमिकतामा बेरुजु नपर्नाका कारण पनि बेरुजुका शृङ्खला थपिनुबाहेक अरू केही हुन सकेको छैन । देशमा देखिएका बेरुजु अध्ययन गर्ने, छलफल गर्ने र तत्सम्बन्धमा देखिएका समस्या निराकरण गर्ने उद्देश्यले संविधानले प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको व्यवस्था गरेको छ ।

प्रदेश र स्थानीय तहमा पनि त्यस किसिमका लेखा समिति क्रियाशील छन्रु। यद्यपि आवधिक रूपमा द्रुतगतिमा बेरुजुउपर छलफल गर्ने, बेरुजु निमिट्यान्न पार्न गलत काम गर्नेलाई कारबाही गर्ने र गलत कार्यको क्षतिपूर्ति भराउने कार्यमा त्यस्ता समितिको सक्रियता देखिएको छैन । सार्वजनिक लेखासमितिमा लामो अवधिसम्म बेरुजुका बारेमा छलफल नै नहुनाले बेरुजु प्रयोजनहीन बन्न पुगेको छरु। बेरुजु फर्स्योट तथा सम्परीक्षण नगर्ने नगराउनेलाई कडा कारबाही नगरिनु अर्को दुःखद प्रसङ्ग हो । यही दण्डहीनताका कारण बेरुजु औँल्याइएका पदाधिकारी र कर्मचारीको हालिमुहाली झन् झन् चर्को बन्दै गइरहेछ ।

जति लामो अवधिसम्म पनि बेरुजु कायम राख्ने पक्षलाई कारबाही नगर्ने परिपाटीले 'बेरुजु' कसैले नटेर्ने विषय बनेको छ । बेरुजुको अभिलेख नै ठीक नहुनु यस क्षेत्रको अर्को समस्या हो । महालेखापरीक्षकको कार्यालयले बर्सेनि बेरुजुको आँकडा प्रस्तुत गरे पनि सुरुदेखि हालसम्मको फेहरिस्त र कुल बेरुजुको मात्रा उसले प्रमाणित गर्न सक्दैनरु। सम्बन्धित निकायले आआफ्नो बेरुजु, फर्स्योट र सम्परीक्षणको अवस्था झल्कने अभिलेख दुरुस्त नराखेका कारण महालेखापरीक्षकको कार्यालयले जेजति बेरुजु अङ्क देखायो, त्यो नै सही मान्नुपर्ने स्थिति छ ।

बेरुजुको अभिलेख र तथ्याङ्कै कुरा गर्ने हो भने महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालयअन्तर्गत रहेको बेरुजु फर्स्योट अनुगमन समितिको आँकडामा समेत ठूलो अन्तर पाइन्छरु। उदाहरणका रूपमा त्रिभुवन विश्वविद्यालयको आर्थिक वर्ष २०७५/७६ सम्मको बेरुजु महालेखा परीक्षकको प्रतिवेदनमा २८ अर्ब ६७ करोड रुपियाँ उल्लेख छ, जब कि बेरुजु फर्स्योट अनुगमन समितिले सो आँकडा २५ अर्ब ३४ करोड रुपियाँ मात्र हो भन्ने उल्लेख गरेको छ । यस कारणले पनि हालसम्मको बेरुजु शून्यमा झारी लेखापरीक्षण र बेरुजु फर्स्योट प्रणालीलाई देखिने र परिणाममूलक बनाउन जरुरी छ ।

बेरुजु फर्स्योटमा सर्वत्र उदासीनता यस पक्षको सबैभन्दा उल्लेख्य पक्ष होरु। बेरुजुमा उल्लिखित विषयलाई तदारुकताका साथ तथ्य र प्रमाणहरू प्रस्तुत नगर्ने सम्बन्धित निकायको प्रवृत्तिले बेरुजु रुजु हुन सकेको छैन । प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले बेरुजु सम्बन्धमा कडाभन्दा कडा कारबाही गरी बेरुजु शून्य बनाउन सक्ने प्रावधान छ तर राजनीतिक स्वार्थ र बेरुजु फर्स्योटलाई केवल औपचारिकता मात्र ठान्ने र बेरुजुलाई शून्यमा झार्नेतर्फ उपयुक्त कदम नचाल्ने र वर्षौंपछिसम्म पनि बेरुजुका ठेली नपल्टाउने कारणले बेरुजु फर्स्योट गराउने संसदीय समितिको प्रभावकारिता पनि नाम मात्रको छ ।

बेरुजु फर्स्योटमा तदारुकता ल्याउने अभिप्रायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ देशमा लागू भएको छरु। यो ऐनको दफा ४० ले हिनामिना, हानि-नोक्सानी गरेको र असुल गर्नुपर्ने बेरुजुबाहेक अन्य बेरुजुका तथ्य प्रमाणका आधारमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले बेरुजु फर्स्योट गरी सात दिनभित्र महालेखापरीक्षकको कार्यालयलाई जानकारी दिने र सो प्राप्त भएको सात दिनभित्र सो बेरुजु सम्परीक्षण गरी सम्बन्धितलाई जानकारी दिनुपर्ने प्रावधान छ । सम्बन्धित लेखा उत्तरदायी अधिकृतले फर्स्योट गरी पेस गरेका त्यस्ता कतिपय बेरुजु महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण नै नगरिदिएको र फर्स्योट भएका बेरुजुलाई पुनः लेखापरीक्षण निकायबाट व्याख्या गर्न थाल्ने कारण पनि बेरुजु फर्स्योट र सम्परीक्षण कार्य झन्झन् जटिल बनिरहेछ ।

यसरी सम्बन्धित निकाय, संसद् र महालेखा परीक्षकको कार्यालयबाट नै बेरुजु फर्स्योट तथा सम्परीक्षणमा द्रुतता नल्याउनु जताततै फोहोरको डङ्गुर थुपार्दै जानु मात्र हो ।

**बेरुजु वर्गीकरण निर्देशिकाअनुसार बेरुजु असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेश्की बाँकीमा वर्गीकरण गरिएको छरु। संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थाको गत वर्षसम्मको बेरुजु र यस वर्ष थप भएको एक खर्ब चार अर्बसमेत चार खर्ब १८ अर्ब ८५ करोड रुपियाँ बेरुजुको भारले देश थिचिनु निश्चय नै नकारात्मक संकेत हो । नेपालजस्तो विकासोन्मुख मुलुकमा बेरुजुलाई गम्भीरतापूर्वक नलिएको कारणले पनि अर्थव्यवस्था सञ्चालनमा बेरुजु एउटा घातक रसायन साबित भएको छरु। प्रणालीमुखीभन्दा तजबिजका आधारमा लेखापरीक्षण गरिनु, वैज्ञानिक सूत्र, मूल्य र मान्यतामा आधारित नभई स्वैच्छाचारी ढंगले बेरुजु लेखिनु, बेरुजु बढी लेख्न सकेमा लेखापरीक्षकको हैसियत देखिन्छ भन्ने मान्यताले बढावा पाउनु, सम्बन्धित क्षेत्रको मूल्यमान्यता, प्रणाली र विधिको वास्तै नगरेर बेरुजु लेख्नु, सम्बन्धित क्षेत्रका जानकारको तर्क, प्रमाण र यथार्थता वास्तै नगरी बेरुजु औँल्याउनु र लेखापरीक्षण क्षेत्रको सर्वज्ञ आफू मात्रै हो भन्ने मानसिकताबाट लेखापरीक्षक मुक्त हुन नसक्नाको कारणले पनि हुनुपर्ने बेरुजु अकित नहुने र नहुनुपर्ने बेरुजु कायम हुने परिस्थिति विद्यमान छरु। औँल्याइनुपर्ने बेरुजु छुट्नु र नऔँल्याइनुपर्ने कारोबारलाई बेरुजु साबित गर्नु आफैँमा बेरुजुजन्य कार्य हो । औँल्याइएका बेरुजुका तथ्य, कारण पत्ता लगाई त्यसको निदानतर्फ सम्बन्धित निकाय नलागी बेरुजुलाई हास्यास्पद विषयका रूपमा लिइनु अर्को विचारणीय विषय होरु। बेरुजु भएका व्यक्ति र संस्थालाई तुरुन्तै कानुनी कारबाही नगरिनु र जतिसुकै ठूलो रकम र गम्भीर प्रकृतिको बेरुजु रहे पनि पहुँच र शक्तिका आधारमा उन्मुक्ति दिनु विकासोन्मुख मुलुकको संस्कृति नै बनेको पाइन्छ ।**

# खेलकुद

## यू-१९ विश्वकप क्रिकेट विजेता खेलाडीलाई जनही ४० लाख भारु

यू-१९ विश्वकप क्रिकेट उपाधि विजेता भारतीय खेलाडीले जनही ४० लाख भारु पुरस्कार पाउने भएका छन् । भारतीय क्रिकेट बोर्ड (बिसिसीआई) ले आइतबार टोलीका प्रत्यके खेलाडीलाई जनही ४० लाख भारु प्रदान गर्ने घोषणा गरेको हो । बिसिसिआईले टोलीका प्रशिक्षक र सहयोगी अफिसियललाई




जनही २५ लाख भारु प्रदान गर्ने पनि जनाएको छ । वेस्टइन्डिजमा शनिबार राति सम्पन्न फाइनल खेलमा भारतले इङ्ल्यान्डलाई चार विकेटले हराउँदै उपाधि जितेको हो । जितका लागि एक सय ९० रनको लक्ष्य पछ्याएको भारतले ४७.४ ओभरमा ६ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको थियो । टस जितेर पहिले ब्याटिङ गरेको इङ्ल्यान्डले ४४.५ ओभरमा सवै विकेटको क्षतिमा एक सय ८९ रन बनाएको थियो । भारत पाँचौँ पटक यू-१९ विश्वकप च्याम्पियन बनेको हो । भारतले यसअघि सन् २०००, २००८, २०१२ र २०१८ मा च्याम्पियन बनेको थियो । एजेन्सी

## एएफसी महिला एसिया कपको उपाधि चीनलाई

चीनले एएफसी महिला एसियन कप फुटबलको उपाधि जितेको छ ।

भारतको मुम्बईमा आइतबार भएको फाइनलमा उत्कृष्ट पुनरागमन गर्दै चीनले दक्षिण कोरियालाई ३-२ ले पराजित गर्दै नवौं पटक उपाधि जितेको हो । चीनले दुई गोलले पछि परेको स्थिति उल्टाएर उत्कृष्ट पुनरागमन गर्दै दोस्रो तीन गोल फर्काएको हो । डीवाई पाटिल स्टेडियममा




भएको खेलमा युयी सियाओले ईन्जुरी टाईममा गोल गर्दै चीनलाई उपाधि दिलाइन् ।

## क्यानले सार्वजनिक गऱ्यो साधारणसभाको एजेन्डा

नेपाल क्रिकेट संघ (क्यान) ले आगामी फागुनमा हुने वार्षिक साधारणसभाको लागि सार्वजनिक सूचना जारी गर्दै एजेन्डाहरू सार्वजनिक गरेको छ । यही माघ १२ गते भैरहवामा बसेको क्यान बोर्ड बैठकले वार्षिक साधारणसभा फागुन दोस्रो साता धनगढीमा गर्ने निर्णय गरेको थियो । क्यानले शुक्रबार जारी गरेको सार्वजनिक सूचना अनुसार आगामी वार्षिक साधारणसभा फागुन १३ र १४ गते धनगढीको रुबस होटलमा हुनेछ ।

साधारणसभाले आर्थिक वर्ष २०७७-७८ को वार्षिक लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने, चालू आर्थिक वर्षका लागि वार्षिक लेखापरीक्षक नियुक्ति गर्ने, सन् २०२२ को कार्यक्रम र बजेट बारे छलफल गर्ने, संघको आर्थिक नियमावली र कार्यविधि सम्बन्धमा पनि छलफल हुने जनाएको छ । नयाँ जिल्ला संघहरूलाई मान्यता दिने, केन्द्रीय समितिमा रिक्त पदहरूमा पदपूर्ति गर्नेलगायत कार्यसूची रहने सूचनामा उल्लेख छ । यस्तै सो मितिमा कोरोना महामारीका कारण भौतिकरूपमा उपस्थित भई संघको वार्षिक साधारणसभा आयोजना गर्ने सम्भावना नभएको अवस्थामा सोही मितिमा नै भर्चुअल रुपमा आयोजना गरिने क्यानले जनाएको छ ।

साधारणसभाका एजेन्डाहरू :

१) आ.व. २०७७/०७८ को वार्षिक लेखापरिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
२) आ.व. २०७८ / ०७९ को वार्षिक लेखापरिक्षकको नियूक्ति गर्ने ।
३) सन् २०२२ को कार्यक्रम र बजेट बारे ।
४) नेपाल क्रिकेट संघको आर्थिक नियमावली र कार्यविधी सम्बन्धमा ।
५) विभिन्न समितिहरूको त्इच एवं ऋयमभ या ऋयलमगअत सम्वन्धमा
६) नयाँ जिल्ला संघहरूलाई मान्यता दिने सम्वन्धमा ।
७) केन्द्रीय समितिमा रिक्त पदहरूको पदपूर्ति सम्बन्धमा । विविधलगायत विषयमा संघको विधानको परिच्छेद ५ को धारा ११ (ण) बमोजिम थप विषयहरूमा प्रतिनिधीहरूलाई जानकारी गराइन्छ ।

# भविष्य देखाउने 'उज्यालोतिर'




दयानिधि अर्याल

एउटा गन्धमा बानी परेको मानिस अर्को सुगन्धलाई पनि दुर्गन्छ ठान्दछ । पुरानो चिन्तन र निर्देशित पाइलाले नयाँ गन्तव्यमा पुऱ्याउँदैन ।

शिक्षा र साहित्यको क्षेत्रमा दीर्घ अनुभव प्राप्त टीकाराम रेग्मीद्वारा नवीन शैली अवलम्बन गरी लेखिएको शैक्षिक उपन्यास हो( उज्यालोतिर । शिक्षाका सिद्धान्त, विधि र प्रविधिसँग सम्बन्धित बग्रेल्ती कृतिहरू लेखिएको अवस्थामा उज्यालोतिर नितान्त मौलिक, रोचक र व्यावहारिक कृति बनेको छ । शिक्षासँग सम्बन्धित बहुआयामिक पक्षमा केन्द्रित प्रस्तुत शैक्षिक उपन्यासले शैक्षिक क्षितिजमा नवीन दृष्टिकोण तथा शैली अंगीकार गरेको छ । शिक्षा पद्धतिलाई नै सकारात्मक दिशा र नयाँ क्षितिजमा पुऱ्याउन सफल कृति बनेको छ । यसमा शैक्षणिक विषयवस्तुलाई आख्यानीकरण गरी शिक्षण पेसालाई सेवा, त्याग र समर्पणको पेसाका रूपमा स्थापित गर्ने प्रयास भएको छ। सरोकारवालालाई सकारात्मक सोच निर्माण गराउन पनि सफल देखिन्छ ।

भाष्कर सरको प्रेरणा र मार्गदर्शनबाट सरिता मिसले एक आदर्श शिक्षकले शिक्षणलाई सेवा/पेसाका रूपमा स्थापित गर्न गरेको अनुकरणीय प्रयास निकै कलात्मक र जीवन्त छ । शिक्षा के हो र यसको लक्ष्य के हुनुपर्छ ? भन्ने सन्दर्भमा भाष्कर सरमार्फत नवीन विचार प्रस्तुत गरिएको छ । यसले विद्यार्थीको सिर्जनात्मकतालाई प्रस्फुटन गराउन तथा उनीहरूलाई आत्मविश्वासी बनाउन शिक्षकले सकारात्मक भूमिका खेल्नुपर्ने विचार प्रस्तुत गरिएको छ । जीवनमा भौतिक … शिक्षा जीवनबोध गराउने, आत्मसन्तुष्टि दिलाउने र सफल जीवनयापन गराउन सक्ने हुनुपर्छ । यही नै शिक्षाको लक्ष्य हुनुपर्छ भन्ने कुरा यसमा उठाइएको छ ।

दोबाटोबाट किनारतिर, ताबाट भुङ्गोमा, पहिलो गाँसमै ढुंगा, बुलेट चढौं, खेलाउनुहुन्छ कि पढाउनुहुन्छ ? फगत बालक अनि अफलाइन भएँ, सुलुलुलुजस्ता लामा छोटा ५० परिच्छेदमा संरचित कृति हो यो । उपन्यासकी मुख्य पात्र सरिता शिक्षण पेसामा प्रवेश गरिसकेपछि भाष्कर सरको मार्गदर्शनमा परम्परित शिक्षण विधि तथा पद्धतिलाई बदल्न यथासम्भव प्रयास गर्छिन् । उनी आँखाको कसिंगर बन्छिन् । पेसाप्रति प्रतिबद्ध र जिम्मेवार आदर्श शिक्षक सरिता विद्यालय प्रशासन तथा सहकर्मीको तीव्र आलोचना तथा हाँसोको पात्र बन्छिन् । उद्देश्यमा अडिग भई तीव्र इच्छाशक्तिका कारण उनी निरन्तर अघि बढेकी छन् । प्रभावकारी शिक्षण क्रियाकलाप तथा सिकारु केन्द्रित विधिका कारण क्रमशः सफलताको सोपान चढ्न सफल सरिता अन्ततः सरोकारवाला सबैबाट सम्मानित बनेको सन्दर्भ छ । उज्यालो आगतका लागि थप प्रतिबद्ध भई लाग्ने विचारसाथ उपन्यासको समापन गरिएको छ ।




शिक्षण भनेको तथ्यहरूको रटान होइन । सिकारुका बहुआयामिक क्षमताको उजागर गर्न पर्याप्त अवसर प्रदान गर्ने तथा सहजीकरण गर्ने कार्य शिक्षकको हो । कक्षा शिक्षणका लागि गर्नुपर्ने पूर्वतयारी, सिकाइलाई सिकारुका पूर्वअनुभवसँग सान्दर्भिक बनाउने शिक्षण कौशल, सिकारुलाई सिकाइका लागि निरन्तर उत्साहित बनाउन शिक्षकले खेल्ने भूमिका पनि हो । मूलपात्रका माध्यमबाट कलात्मक रूपमा यी विषयलाई प्रस्तुत गरिएको छ । यसै तथ्यलाई उपन्यासले सशक्त रूपमा उठाएको हो। नवीन सोच कार्यान्वयनमा बिघ्नबाधा र अड्चनहरूलाई छिचोल्दै निरन्तर अघि बढ्नुपर्ने कुरा कृतिमा छ । 'एउटा गन्धमा बानी परेको मानिस अर्को सुगन्धलाई पनि दुर्गन्छ ठान्दछ । पुरानो चिन्तन र निर्देशित पाइलाले नयाँ गन्तव्यमा पुऱ्याउँदैन (पृष्ठ १८)।'

वर्तमान सन्दर्भमा शिक्षण पेसा आकर्षक नबनेको, क्षमतावान् व्यक्तिहरूको रोजाइको क्षेत्र अन्यान्यमा परेको सन्दर्भ उपन्यासमा छ । 'त्याग खोज्ने क्षेत्र हो, जुन दिनसम्म विद्यार्थीलाई आफ्नै छोराछोरी, भाइबहिनी मान्न सक्छौं, त्यस दिनसम्म मात्र तिमी शिक्षक रहिरहन सक्नेछौं (पृष्ठ १९) ।' शिक्षण सिकाइ प्रक्रियामा महत्वपूर्ण विधि मानिने आगमनात्मक विधिको सफल प्रयोग गरिएको उपन्यास हो, उज्यालोतिर । पात्रहरूका क्रियाकलाप तथा संवादहरूबाट नै आगमनात्मक विधिको उत्कृष्ट प्रयोगथलोका रूपमा उपन्यास स्थापित भएको छ। शिक्षण पद्धतिका लागि आवश्यक मानिने समग्र पक्षको कलात्मक समन्वयका रूपमा प्रस्तुत उपन्यास देखापरेको छ ।


शिक्षक, विद्यार्थी, विद्यालय, अभिभावक, पाठ्यक्रम, शिक्षण विधि, प्रविधि, सिकाइ योजना, शैक्षणिक सामग्री, मूल्यांकन, उपलब्धि, पृष्ठपोषण, अभिलेखीकरण, बाल मनोविज्ञान, उत्प्रेरणा, सिकाइ प्रक्रियाजस्ता पक्षलाई कृतिले समेटेको छ। त्यसैले प्रस्तुत कृति समग्र शिक्षण पद्धतिको सुन्दर फूलबारी बन्न पुगेको छ । अधिकांश विद्यालयले न्यून शैक्षिक उपलब्धि हासिल गरिरहेका छन् । शिक्षण पेसामा प्रवेश गरिसकेपछि नव प्रवर्तनात्मक सोच नराख्ने, शिक्षण सिकाइसम्बन्धी सामग्रीको अध्ययन, मनन् तथा प्रयोग नगर्ने जस्ता कारणले शिक्षा क्षेत्र थिलचिलो भएको छ । यसबाट मुक्ति पाउन जतिसुकै आलोचना सहेर पनि पेसाप्रति समर्पणभाव भएका सरिताजस्ता योग्य, क्षमतावान् र ऊर्जाशील शिक्षक शिक्षण पेसामा जुट्नु पर्छ। काग कराउँदै छ पिना सुक्दै छ भनेझैं आफ्नो उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गराउने दिशामा अर्जुनदृष्टि राखेर अघि बढ्नुपर्छ । सामान्यतः विद्यार्थीलाई किताबी ज्ञानमा मात्र सीमित राखिन्छ । किताबका तथ्यहरू जस्ताको तस्तै घोक्नु र परीक्षामा त्यसैलाई उतार्न सक्नु उत्कृष्ट सिकाइ हो भन्ने परम्परागत सोच छ । कृतिले भिन्न दृष्टिकोण स्थापित गरेको छ । ज्ञानलाई सीपमा र सीपलाई उत्पादनसँग जोड्नुपर्छ। सिकाइ व्यवहारमा आउने स्थायी परिवर्तन हो। बालबालिकाको दिमाग खाली हुन्छ, त्यसमा शिक्षकले ज्ञान भरिदिनुपर्छ भन्ने परम्परागत सोचभन्दा भिन्न दृष्टिकोण यसमा छ । साथै, सिकारुको सिर्जनशीलता र क्षमताहरूलाई मलजल गरी प्रस्फुटन गराउनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ ।

शिक्षकको क्षमता, सकारात्मक व्यवहार, उद्देश्यकेन्द्रित शिक्षण, तीव्र कर्तव्यबोधजस्ता पक्षहरूले बालबालिकाको व्यवहार तथा ज्ञान र सीपआर्जनमा अहं भूमिका खेलेका हुन्छन् । सरिता विद्यालयमा प्रवेश गर्नुपूर्वको अवस्था र उनी सोही विद्यालयमा निरन्तर रूपमा अध्यापनरत रहँदा विद्यार्थीको व्यवहार तथा सिकाइमा आएको परिवर्तनले यस कुराको पुष्टि गर्छ । समग्रमा उपन्यासले नयाँ शैक्षिक क्षितिजको उजागर गरेको छ । अर्थपूर्ण र सुखी जीवनका लागि अपरिहार्य मानिने शिक्षाका सन्दर्भमा परम्परित सोच तथा कार्यशैली बदल्न नितान्त आवश्यक छ ।

# चेपाङका सारथीलाई सम्मान

चितवन । चेपाङ जातिको उत्थान र सहयोगमा खटिएकालाई सम्मान गरिएको छ । गाँमवेशी चेपाङ संरक्षण केन्द्रले चेपाङको क्षेत्रमा सहयोग गर्दै आएका विभिन्न क्षेत्रमा सहयोग गरेकालाई सम्मान गरेको हो ।

केन्द्रले नेपाल हेल्प संस्थाका कार्यकारी निर्देशक मिलन ढकाल, जापानमा बसोबास गर्दै आएका रत्ननगर डुम्री चोकका दिपकबाबु नेपाल, साइराम डेण्टल क्लिनिकका संचालक डा. अजय न्यौपाने र डा. सरु थापा न्यौपाने, संरक्षणकर्मी रामकुमार अर्याल, रोटरी क्लब अफ नारायणगढका पूर्वअध्यक्ष विज्ञानलाल श्रेष्ठलाई चेपाङको सारथीको रुपमा सम्मान गरेको हो । केन्द्रमा आयोजित कार्यक्रममा प्रमुख अतिथि अन्नपूर्ण पोष्ट दैनिकका सम्पादक अखण्ड भण्डारीले उनीहरुलाई सम्मान गरेका थिए । विकट बस्तीमा पुगेर सहयोग गरेको भन्दै सम्मान गरिएको केन्द्रले जनाएको छ । कार्यक्रममा सम्पादक भण्डारीले सामाजिक सेवाको कर्म गरेर धर्म गरेको बाँकी ६ पृष्ठमा




# न्यूरोडको महर्जन कम्प्लेक्समा फोर नाइन बागलुङ ज्वेलर्सको तेस्रो शाखा सञ्चालन

काठमाडौं । फोर नाइन बागलुङ ज्वेलर्सले काठमाडौंको न्यूरोडमा शाखा सञ्चालनमा ल्याएकोछ । 'शुद्धता हाम्रो प्रतिवद्धता' भन्ने नारा सहित फोरनाइन बागलुङ ज्वेलर्सले न्यूरोड स्थित व्यापारिक भवन महर्जन कम्प्लेक्सबाट सेवा सुरु गरेको हो ।

करीब १० वर्ष अगाडी बागलुङबाट ज्वेलरीको काम सुरु गरेको थियो । चितवनको भरतपुरस्थित सिजी ल्याण्डमार्कर नारायणगढको मिलन रोडमार्फत सेवादिँदै आएको उक्त पसलले काठमाडौंका ग्राहलाई मध्यनजर गर्दै न्यूरोडमा तेस्रो शाखा संचालनमा ल्याइएको ज्वेलर्सका अध्यक्ष अमिर सुनारले जानकारीदिए । उनी भन्छन, 'बागलुङ ज्वेलर्सका ग्राहकहरु काठमाडौंमा पनि छन् । आफ्नो क्षेत्रका ग्राहकहरुको माग पुरा गर्ने, छिटोछरितो सेवा प्रदानगर्ने उद्देश्यसहित नयाँशाखा विस्तार गरिएको हो ।'उक्त पसल १० करोडको लगानीमा संचालनमा आएको सुनार बताउँछन् ।



# टाटा मोटर्सले रच्यो अर्को कीर्तिमान

काठमाडौं । टाटा मोटर्सले यो महिना पनि आफ्नो दमदार प्रदर्शन कायम गर्दै हुन्डाई, किया, मारुती सुजुकीलाई पछि पार्दै शीर्ष स्थानमा रहन सफल भएको छ। पछिल्ला केही महिना टाटा मोटर्सको प्यासेन्जर कार को लागि निकै उत्कृष्ट साबित हुँदै गएको कम्पनीको दावी छ। भारतीय सवारीसाधन उत्पादक टाटाले एकपछि अर्को महिनामा रेकर्ड बनाउँदै गइर हेको कम्पनीको भनाइ छ।

टाटा मोटर्सलाई प्यासेन्जर कार सेग्मेन्टमा स्थापित गराउन सफल टाटा नेक्सन स्टाइल, टेक्नोलोजी, डिजाइन, फिचर्स् र लक्जरीको हिसाबले सब फोर मिटर सेग्मेन्टमा उत्कृष्ट सावित भइसकेको कम्पनीले जनाएको छ । नेपालमा पनि ग्राहकहरुको मन जित्न सफल भएको र बिक्री तथ्यांकको आधारमा नेक्सन सर्वाधिक धेरै बिक्री हुने एसयूभी भएको कम्पनीको भनाइ छ।




# कश्मीर समस्यामा संयुक्त राष्ट्रसंघले कुनै भूमिका नखेलेको ग्रेटर नेपालको आरोप

काठमाडौं । सन् १९४७ अगस्ट १५ देखि इन्डियाले सुगौली सन्धिपूर्वको नेपालको जमिनमाथि उपनिवेश कायम गरेको विरोधमा आवाज उठाउँदै आएको ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाले तत्कालीन स्वतन्त्र कश्मीरमाथि इन्डियाले गर्दै आएको कब्जाका विरुद्ध कश्मीरी जनताले विगत सात दशकभन्दा बढी समयदेखि




गरिरहेको संघर्ष र तिनीहरूले उठाएको स्वतन्त्रताको मागप्रति समर्थन जनाउँदै आफ्नो ऐक्यबद्धता प्रकट गरेको छ।

उसले एक प्रेस बिज्ञपति जारी गरेर भनेको छ। प्रत्येक वर्ष ५ फेब्रुअरीमा मनाइने कश्मीर दिवसको अवसरमा पाकिस्तान र इन्डियाबीच काश्मीरका विषयमा जुन द्वन्द्व चल्दै आएको छ, त्यसमा असंख्य कश्मीरीहरूले ज्यान गुमाएका छन् र तिनको बलिदानको सम्मान गर्नु विश्वका प्रत्येक स्वतन्त्रताप्रेमी मानिसको कर्तव्य हो भनिएको छ। विज्ञप्तिमा ग्रेटर नेपाल राष्ट्रवादी मोर्चा विश्वमा जति पनि उपनिवेशहरू बाँकी छन् । तिनको स्वतन्त्रताका पक्षमा दृढतापूर्वक उभिनुका साथै एउटा राष्ट्रले अर्को राष्ट्रको जमिन कब्जा गर्ने र उपनिवेश कायम गर्ने प्रवृत्तिको कडा रूपमा निन्दा गर्दछ भन्ने उल्लेख गरिएको छ।

मोर्चाले इन्डिया अधीनस्थ कश्मीरका जनताले स्वतन्त्रताका निम्ति गरेको संघर्षमा जिउज्यानको बलिदान गरेर जुन गौरवपूर्ण इतिहास रचेका छन् , त्यो सबैका निम्ति प्रेरणादायी रहेको भन्दै कश्मीरको विवादले विश्वकै ध्यान तानेको भए पनि संयुक्त राष्ट्रसंघ र सुरक्षा परिषद्ले हालसम्म यसको कुनै उपयुक्त समाधान निकाल्न नसकेको परिस्थितिप्रति

चिन्ता पनि प्रकट गरेको उल्लेख छ।

# जिप र्‍याांग्लरको लाइनअपमा थपियो 'जिप ग्लेडियटर'

काठमाडौं। नेपालका लागि जिपको आधिकारिक विक्रेता एमएडब्लु



लाइफले जिप र्‍यांग्लरको लाइनअपमा नयाँ जिप ग्लेडियटर थपेको छ। जिप ग्लेडियटर जिपको आइकनिक र्‍यांग्लर मा आधारित छ र 'गो एनिह्वेयर, डु एनिथिङ' क्यापाबिलिटी, 'एड्भान्स्ड टेक्नोलोजिकल फिचर', जिपको परिचित डिजाइन र 'ओपन-एअर फ्रिडम' रहेको छ। एमएडब्लु लाइफले यसअघि आफ्नो 'सीबीयु लाइनअप'मा 'टु डोर' र 'फो डोर' रुबिकन र 'फो डोर' सहारा र्‍यांग्लर उपलब्ध गराउँदै आएको थियो।

एमएडब्लु लाइफले नेपालमा ग्लेडियटरको ओभरल्यान्ड ट्रिम ल्याएको हो, जसमा ३.६ लिटरको पेन्टास्टार भी ६ पेट्रोल इन्जिन छ जसले २०६ किलोवाट पावर र ३२७ एनएम टर्क उत्पन्न गर्छ । यसको 'अफरोड क्यापाबिलिटी' जिपको 'सेलेक-ट्र्याक एक्टिभ अन-डिमान्ड ४ बाई ४ सिस्टम'ले दिन्छ। यो सिस्टमले २.७२:१ 'लो रेन्ज गियर रेसियो' र ३.७३ 'रियर एक्सल रेसियो'सहितको 'डाना ४४ एक्सल गरी टु-स्पिड ट्रान्सफर केस अफर' गर्छ। भी ६ इन्जिनलाई 'लो-एन्ड टर्क'का लागि 'अप्टिमाइज' गरिएको छ जुन 'अफरोडिङ'का लागि आवश्यक छ। ग्लेडियटरको 'टोविङ' क्षमता २७२१ केजी रहेको छ।

जिप ग्लेडियटरलाई 'क्यापाबल कार्गो क्यारियर' बाट 'विकेन्ड फन' र दैनिक प्रयोजनका लागि 'फुल्ली कस्टमाइज्ड लाइफस्टाइल भेहिकल' मा सजिलैसँग परिणत गर्न सकिन्छ। जिप र्‍यांगलर 'फो डोर' को तुलनामा यसको फ्रेम ७८७ एमएम लामो र ह्विलबेस ४९२ एमएम लामो छ। यसको 'एप्रोच एंगल' ४०.७ डिग्री, 'ब्रेक एंगल' १८.४ डिग्री, 'डिपार्चर एंगल' २२५.१ डिग्री र 'ग्राउन्ड क्लेरेन्स' २८३ एमएम रहेको छ । जिप र्‍यांगलरमा जस्तै यसको 'हार्डटप' पनि सजिलैसँग निकालेर 'नेकेड' बनाउन सकिन्छ जसले सहर वा 'ट्रेल' दुवैमा 'ओपन एअर फ्रिडम'लाई प्रत्याभुत गर्छ । ग्लेडियटरमा लामो ह्विलबेसकको 'अनरोड ड्राइभिङ डाइनामिक्स' का लागि र नयाँ 'लोड 'ट्रे'लाई सपोर्ट गर्न 'कम्प्रेहेन्सिभ फाइभ-लिंक सस्पेन्सन' सिस्टम राखिएको छ।

'ट्रे'को 'पेलोड' क्षमता ६२० केजी छ र 'अन्डर रेल बेड लाइटिङ' र 'इन्टिग्रेटेड टाई डाउन' राखिएको छ जुन साइकल, डर्ट बाइक, सर्फबोर्ड र एटीभी जस्ता 'एड्भेन्चर इक्विपमेन्ट' राख्न सहज बनाउँछ। सुरक्षाका लागि यसमा ७० भन्दा बढी 'एक्टिभ' र 'पेसिभ सेफ्टी एन्ड सेक्युरिटी फिचर' रहेका छन् । साथै, ग्रिडसहितको पार्कभ्यु रियर क्यामेरा, 'फ्रन्ट एन्ड रियर पार्क असिस्ट', 'इलेक्ट्रोनिक रोल मिटिगेसन'सहितको 'इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल' जस्ता सुरक्षा फिचर छन् । ग्लेडिएटर 'ब्ल्याक' र 'फायर क्रेकर रेड'मा उपलब्ध छ।



सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं ।

भ्रष्ट्राचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस